## परिच्छेद एक
## परिचय

### १.१ अध्ययनको पृष्ठभूमि

शिक्षानिरन्तर चलिरहने प्रकृया हो । मानवीय जिवन शिक्षा विना अति कठिन हुन्छ ।वर्तमान समय सम्म आइपुग्न शिक्षाको ठूलो भूमिका रहेको छ । अहिलेको आधुनिक समयमा त शिक्षा विना मानिस पशु सरह हुन पुग्छ । त्यसैले शिक्षा नै हाम्रो सम्पत्ति हो भनेर पनि भन्न सकिन्छ । यदि हामिले गुणस्तरीय र समय सन्दर्भ अनुरुप शिक्षा लिन सक्यौ भने संसारको हरेक कुनामा पुग्न सक्छौ र आफ्नो क्षमता अनुरुपको रोजगार गरेर जिवनयापन गर्न सजिलै सक्छौ । वर्तमान समयमा विश्व तिव्र गतिले विकसित भैरहेको छ त्यो सबै शिक्षाको प्रतिफल हो । विश्वका हरेक देशले शैक्षिक क्षेत्रमा आठूलो धनराशि खर्च गर्ने गरेको छ ।

शिक्षा औपचारिक, अनौपचारिक र अनियमिन गरी तीन किसिमको हुन्छ । प्राचिन समयमा नेपालमा अनौपचारिक किसिमको शिक्षा लिन र दिन विभिन्न गुठीहरु सञ्चालन गर्ने गरिन्थ्यो जाँहा विद्यार्थीहरुले निशुल्क शिक्षा प्राप्त गर्न पाउथे । गुठीहरुमा गुरुहरुले चेलाहरुलाई धर्म, संस्कृति रितिरिवाजको विकास संरक्षण र प्रचार प्रसार सम्बन्धी शिक्षा दिने गर्थे । नेपाल एकिकरण हुन भन्दा पहिले बाइसे चौविसे राज्यको पालामा त्यस्ता गुठीहरु धेरै सञ्चालनमा थिए । शिक्षामा विद्यार्थीहरुको सहभागिता वढाउन छात्रवृत्तिले उत्प्रेरकको काम गरिरहेको हुन्छ । छात्रवृत्तिको इतिहासलाई केलाएर हेर्दा नेपालमा पृथ्वीनारायण शाहले संस्कृत र फारसी पठन छात्रवृत्ति प्रदानगरी भारतका विभिन्न स्थानमा पढाइएको थियो साथै सैनिकका टुहुरा सन्तानहरुलाई छात्रवृत्ति राज्यकै तर्फबाट दिने गरेको र विस्तारै संस्कृत विद्यालयहरु दान, दातव्य र चन्दाबाट चल्ने चलाउने गरेको पाइन्छ । त्यसैगरी वि.सं. १९३२ मा दरवार स्कुलमा डाइरेक्टरको रुपमा धीर शमशेर नियुक्त भए त्यतिखेर म्याट्रिक परिक्षा १० कक्षाको अन्तको परीक्षा दिन कलकत्ता गई परीक्षा दिनुपर्ने भएकोले परिक्षाको माध्यम अंग्रेजी थियो । कलकत्ता गई परीक्षा दिन जाँदा आउँदाको खर्च सरकारले व्यहोर्ने व्यवस्था गरिएको थियो (अधिकारी, २०७०) ।

नेपालमा विभिन्न जात, जाति, भाषा, भाषि सांस्कृतिका मानिसहरुको बसोवास छ । यहाँका जन्ताहरु आर्थिक रुपले धेरै जसो मध्यम र न्युन वर्गका मानिसहरु छन् कतिपय जनताहरु विहान वेलुकाको छाक कसरी टार्ने भनेर समस्यामा परिरहेका हुन्छन् । यस्तो अवस्थामा छोराछोरीलाई स्कुल पढाउने र स्कुलमा पढ्नका लागि आवश्यक कपि, कलम कसरी जुटाउने भन्ने कुरा त झनै समस्या हुने गरेको पाइन्छ । यस्तो अवस्थामा गरिव परिवारका वालवालिकालाई छात्रवृत्तिको व्यवस्था गरी शिक्षामा सहभागिता वढाउन सकिने छ । नेपालमा छात्रवृत्तिको कानुनी र नितिगत व्यवस्था वि.सं. २००८ सालदेखि गरिएको भएता पनि कतिपय स्कुलमा गरिव विद्यार्थीलाई छात्रवृत्ति प्रदान नगरी धनि परिवारका छोराछोरीलाई छात्रवृत्ति प्रदान गरेको पाइन्छ । सम्पन्न परिवारका वालवालिकाहरुलाई खाजाको व्यवस्था कपि कलमको राम्रो व्यवस्था तथा ट्युसनको पनि व्यवस्था अभिभावकहरुले गराइदिने भएकोले उनिहरुको शैक्षिक उपलब्धि उच्च रहने तर गरिव परिवारका वालवालिकाहरु अभावै अभावको कारणले गर्दा शैक्षिक प्रगति हुन सक्दैन त्यसैले पनि छात्रवृत्ति कार्यक्रम गरिव, जेहेन्दार तथा पिछडिएका समुदायका वालवालिकाहरुलाई प्रदान गरिनु पर्छ ।

नेपालमा साक्षरता प्रतिशत पहिलेको भन्दा वढेता पनि विभिन्न आयोगले राखेको लक्ष्य अनुरुप साक्षरता प्रतिशत वढ्न सकेको छैन । शिक्षाको पहुँच प्रत्येक वर्ग तथा तहका जन समुदायसम्म पुऱ्याउने शिक्षामा गुणस्तर वृद्धि गर्ने, स्थानिय निकायलाई शैक्षिक विकास प्रकृयामा सकृय सहभागी गराउने लैङ्गिक समानता सुनिश्चित गर्ने निम्न माध्यम तथा उच्च स्तरिय जनशक्ति उत्पादन गरी शैक्षिक समस्याहरुलाई उत्कृष्ट प्राज्ञिक केन्द्रको रुपमा विकास गर्ने, दीर्घकालिन सोच राख्दै दलित अपाङ्ग र पिछडिएको अवस्थालाई ध्यानमा राखी गुणस्तरीय शिक्षामा उनीहरुको पहुँच वढाउन विशेष कार्यक्रम सञ्चालन गर्ने दीर्घकालिन अवधारणा राखेको छ भने “सवैको लागि शिक्षा” को सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाका अवसरहरुमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने उद्देश्य राखेको पाइन्छ (दशौ योजना २०५९-२०६४) ।

छात्रवृत्ति कार्यक्रमले पनि विद्यालयको पहुँचबाट टाढा रहेका बालवालिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्ने वातावरण सृजना गर्न थप मद्दत गरेको छ । छा.वृ. कार्यक्रमले बालबालिकाहरुलाई उत्प्रेरणाको काम गरी विद्यार्थीहरुलाई पढाइप्रति रुचि प्रदान गर्नेछ । मनोवैज्ञानिकहरुको अनुसार विद्यार्थीमा सिकाइ हुन उत्प्रेरणा जगाउन पर्दछ र त्यो उत्प्रेरणा छात्रवृत्ति प्रदान गरी बालबालिकाहरुको सिकाइ उपलब्धिमा सुधार आउनेछ । सन् १९९० मा थाइलेण्डको जोम्टिनमा भएको सवैका लागि शिक्षाले जस्तै छा.वृ. कार्यक्रमले पनि सवै बालबालिकाहरुलाई शिक्षाको पहुँचसम्म पुऱ्याइ उनीहरुको शैक्षिक स्तरमा वृद्धि गराउने लक्ष्य राखेको देखिन्छ । नेपालको सामुदायिक विद्यालयमा अझै पनि विद्यार्थी भर्नादर न्युन रहेको देखिन्छ । अझै पनि जनताहरु सामुदायिक विद्यालय प्रति पूर्ण विश्वस्त भएको पाइदैन त्यसैले अभिभावकहरु सामुदायिक विद्यालयमा आफ्ना वालवालिकालाई भर्ना नगराई निजी विद्यालयमा भर्ना गराउने गरेको पाइन्छ त्यसको मुख्य कारण भनेको विद्यार्थीहरुले सामुदायिक विद्यालयमा नतिजा राम्रो ल्याउन नसक्नु हो । कतिपय बालबालिकाहरु आर्थिक अभावले विद्यालय आउन छोडि आफ्ना बा-आमालाई घरायसी काम सघाएर वसिरहेको अवस्था छ । सरकारले शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित भएका बालबालिकाहरुलाई कसरी विद्यालयमा नियमित उपस्थित गराउन सकिन्छ भन्ने कुरामा ध्यान दिन सकिन्छ साथै सामुदायिक विद्यालयको नतिजा कसरी उत्कृष्ट बनाउनु जनताको विश्वास जित्न सकिन्छ जस्ता पक्षहरुलाई गम्भिर पूर्वक ध्यान दिन आवश्यक छ । सामुदायिक विद्यालयहरुमा छात्रवृत्ति कार्यक्रमले गर्दा गरिव, जनजाति, पिछडा वर्ग, दलित अपाङ्ग जस्ता विद्यार्थीहरुको उपस्थिति बढेको देखिन्छ तर समय अनुरुप छात्रवृत्ति रकममा वृद्धि नहुदा र छात्रवृद्धि रकम आवश्यक पर्ने विद्यार्थीको छनौट गर्न नसक्दा समस्या जस्ताको त्यस्तै देखिन्छ ।

### १.२ समस्याको कथन

मानिसको आधारभूत आवश्यकता अर्न्तगत शिक्षा पनि एक अति आवश्यक तत्व हो । शिक्षा मानिसको लागि अति आवश्यक भएता पनि कतिपय वालवालिका शिक्षाको उज्यालो किरणबाट वञ्चित हुन पुगेको छ । नेपाल एक गरिव राष्ट्र हो । यहाँ विभिन्न जात, जाति भाषा संस्कृतिका मानिसहरुको बसोवास छ । गरिबिको कारणले गर्दा कतिपय बालवालिका स्कुलमा आधारभूत तह निशुल्क पढाइ हुने भएता पनि कपि, कलम साथै खाजा खाने पैसाको अभावले घरमै वा आमालाई घरको काममा सघाएर वस्ने गरेको पाइन्छ । गरिवीकै कारण मेहनती तथा अत्यन्तै राम्रो अर्न्तनिहित क्षमता भएका वालवालिका स्कुल जान नपाइ आफ्ना अर्न्तनिहित क्षमतालाई दवाएर राख्न परिरहेको अवस्था छ । नेपाल भौगोलिक रुपमा विविधता छ मौसम अनुसारको खान लाउन समस्या बालबालिकाहरु आफ्नो एक छाक टार्नका लागि सानै उमेरमा घरको काममा बा-आमालाई सघाउने गर्दछन् ।

हाम्रो सामुदायिक विद्यालयहरुमा छात्रवृत्ति कार्यक्रम सञ्चालन भएता पनि कतिपय त्यस्ता विद्यालयहरुमा सहि सदुपयोग हुन नसकिरहेको पाइन्छ । छात्रवृत्ति कार्यक्रम विशेष गरि गरिव जेहेन्दार, पिछडिएको वर्ग, अपाङ्ग अनाथ  तथा भौगोलिक रुपमा विकट ठाउँमा वसोवास गर्ने वालवालिकाको शिक्षामा सहभागिता र शैक्षिक उपलब्धिमा सुधार ल्याउनका लागि ल्याएको कार्यक्रम हो । तर कतिपय विद्यालयमा त्यस्को सहि मूल्याङ्कनै नगरी छात्रवृत्ति कार्यक्रम वितरण गर्ने गरेको पाइन्छ जस्ले गर्दा कतिपय वालवालिका छात्रवृत्ति पाउनका लागि अति आवश्यक अवस्था भएपनि छात्रवृत्ति पाइरहेका छैनन भने कतिपय वालवालिका जो पारिवारिक, आर्थिक, सामाजिक र भौगोलिक रुपमा सम्पन्न भएर पनि छत्रवृत्ति पाइरहेको अवस्था छ यस्तो वितरण कार्यक्रमले जो गरिव अपाङ्ग छ त्यस्ता वालवालिका भोलीका दिनमा विद्यालयमा उपस्थित हुन नसक्ने देखिन्छ । छात्रवृत्ति कार्यक्रमको मुख्य उद्देश्य भनेको वालवालिकाको न्युन शैक्षिक उपलब्धिलाई छात्रवृत्ति कार्यक्रम मार्फत सुधार गरी उपलब्धी उच्च पार्नु हो ।

विद्यालय तहमा छात्रवृत्ति सम्बन्धि विभिन्न मुद्धा तथा अनुत्तरित प्रश्नहरु उब्जने गरेको पाइन्छ । शिक्षामा सबैको पहुँच अभिवृद्धि गर्ने उद्देश्यले छात्रा, गरिब, दलित, अपाङ्ग, द्वन्दपिडित, सामाजिक र भौगोलिक रुपले पिछडिएको अति सिमान्तकृत वर्गका शैक्षिक समस्यालाई सम्वोधन गर्ने गरी विभिन्न किसिमका छात्रवृत्ति कार्यकक्रमहरुको व्यवस्था गरिएको छ । यस्ता कार्यक्रमको वितरण प्रकृया सहि छ । छात्रवृत्ति कार्यक्रमले विद्यार्थी उपस्थितिमा सुधार ल्याएको छ । विद्यार्थीको शैक्षिक स्थिति कस्तो छ ? यस्ता प्रश्नहरु अनुतरित प्रश्नहरु हुन ।

विद्यालय तहमा वितरण गरिने छात्रवृत्ति कार्यक्रममा विभिन्न समस्याहरु देखा पर्ने गरेको छ । कतिपय अवस्था जुन विद्यार्थीले छात्रवृत्ति पाउनु पर्ने हो । त्यो विद्यार्थीले छात्रवृत्ति नपाइ धनि र सम्पन्न विद्यार्थीले छात्रवृत्ति पाइरहेको अवस्था छ यसरी सम्पन्न परिवारको विद्यार्थीले छात्रवृत्ति पाएमा उसाको शैक्षिक उपलब्धिमा खासै प्रभाव पर्दैन किनभने उसलाई हरेक कुराको सुविधा हुन्छ तर यदि गरिब परिवारको विद्यार्थीले त्यो छात्रवृत्ति पाएमा उसाको शैक्षिक उपलब्धीमा धेरै सुधार हुने छ । छात्रवृत्ति वितरण कार्यक्रमले विद्यार्थीहरुको शैक्षिक उपलब्धिको

अवस्था, लक्षित वर्गलाई समेट्न सके नसकेको साथै छात्रवृत्ति रकमको सहि सदुपयोग हुन सकि रहेको छ कि छैन भन्ने समस्याको अनुसन्धान गर्नु पर्ने आवश्यकता देखिएको छ ।

### १.३ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसारका रहेका छन् :

१. आधारभूत तहमा छात्रवृत्ति वितरण प्रक्रियाको अध्ययन गर्नु ।

२. आधारभूत तहमा छात्रवृत्ति वितरण कार्यक्रमको प्रभावकारीता विश्लेषण गर्नु ।

३. आधारभूत तहमा छात्रवृत्ति वितरणमा देखिएको समस्याहरु पहिचान गर्नु ।

४. छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी वनाउने उपायहरु सुझाउनु ।

### १.४ अनुसन्धनात्मक प्रश्नहरु

यो अनुसन्धान पूरा गर्न अध्ययनका उद्देश्यहरुको आधारमा निम्नानुसारका अनुसन्धान प्रश्नहरु बनाइएको थियो :

क) छात्रवृत्ति वितरणको अवस्था कस्तो छ ?

ख) आधारभूत तहमा के कस्ता प्रकारका छात्रवृत्ति प्रदान गरिदै आएका छन् ?

ग) छात्रवृत्ति रकमको उपयोग कस्ले गर्ने गरेको छ ?

घ) छात्रवृत्ति रकमको दुरुपयोग त भएको छैन ?

ङ) छात्रवृत्ति कार्यक्रमले वालवालिकामा कस्तो प्रभाव पारेको छ ?

च) छात्रवृत्ति वितरणमा के कस्ता समस्याहरु रहेका छन् ?

छ) छात्रवृत्तिको रकम सदुपयोग गर्न के गर्नु पर्ला?

ज) छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी वनाउन के गर्नुपर्ला ?

### १.५ अध्ययनको महत्व

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै महत्व रहेको हुन्छ । आधारभूत तहमा छात्रववृत्तिले पारेको प्रभाव शीर्षकमा गरिएको यो शोधपत्रले आधारभूत तहमा छात्र वृत्ति वितरण कार्यक्रम प्रकृया कस्तो छ ? वितरण कार्यक्रम उचित वा अनुचित के कस्तो भएको छ ? छात्रवृत्ति रकम पाए पछि विद्यार्थीको विद्यालयमा उपस्थिति साथै शैक्षिक उपलब्धीमा सुधार भएको छ कि छैन ? के कस्ता प्रकारका छात्रवृत्ति वितरण गर्ने गरिएको छ ? छात्रवृत्ति कार्यक्रममा के कस्ता समस्याहरु देखा परेका छन् । आउँदा दिनमा छात्रवृत्ति कार्यक्रमलाई कसरी व्यवस्थित तरिकाले वितरण गर्ने र कसरी प्रभावकारी पार्ने भन्ने कुरा थाहा पाउन यो शोधपत्र महत्वपूर्ण हुने छ । साथै यो शोध पत्रले यस विषयसँग सम्बन्धित कसैलाई अध्ययन गर्न इच्छा जागेमा यस शोधपत्रबाट राम्रो लाभ लिन सक्नु हुनेछ । साथै म भन्दा पछिका अध्ययन कर्ताले यस विषयमा थप अध्ययन अनुसन्धान गर्न चाहेमा यो शोधपत्रले उक्त व्यक्तिलाई अध्ययन गर्न महत्वपूर्ण भूमिका खेल्ने छ । छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी वनाउन र वितरण कार्यक्रममा देखिएका समस्याहरुलाई समाधान गर्न सम्बन्धित क्षेत्रका वि.नि, शि. वि. स. इकाई प्रमुख र सम्बन्धित सरोकारवालाहरुलाई अनुमान तथा मूल्याङ्कन गर्न आधार प्रदान गर्नेछ ।

## १.६ अध्ययनको परीसिमा

अध्ययनको परिसिमा भन्नाले कुनै पनि अध्ययन अनुसन्धानलाई निश्चित सिमामा सिमित गर्नु हो । यदि सिमा निर्धारण गरिएन भने कहाँसम्म कति अध्ययन गर्ने भन्ने कुरामा अन्योल हुन सक्छ त्यसैले सिमित, स्रोत, साधन समय र आफ्नो सहजता आदिलाई मध्यनजर गरी ओखलढुगा जिल्लाको खिजी फलाटे गाउँपालिकाका सामुदायिक विद्यालयमा सिमित गरिएको छ । यस स्रोतकेन्द्रमा रहेका सामुदायिक विद्यालयको आधारभूत तहको छात्रवृत्ति वितरण कार्यक्रमलाई मात्र अध्ययनको रुपमा लिइएको छ । अध्ययनलाई सफल पार्नका लागि खिजीदेम्वा गा.पा. अर्न्तगतका ४ मा.वि. र २ आधारभूत सामुदायिक विद्यालयहरुसँग सम्बन्धित प्रधानाध्यापक शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स. अध्यक्षलाई अध्ययनमा समावेश गरिएको छ । यो शोधपत्रले निर्धारण गरेका उद्देश्यहरुसँग सम्बन्धित तथ्याङ्कहरुलाई मात्र अध्ययन अनुसन्धान तथा व्याख्या विश्लेषण र निष्कर्ष निकालिएको छ ।

यस शोधपत्रको विषयवस्तुलाई पनि सिमित मात्रामा छुट्याई अध्ययन गरिएको छ । यस शोधपत्रमा खिजीदेम्वा गा. पा. मा अवस्थित विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुलाई मात्र छात्रावृतिको अध्ययनको रुपमा सिमित गरिएको छ । यस शोधपुरा गर्न छात्रावृति सम्वन्धि  खोज, शोधपक्ष तथा अध्ययन अनुसन्धानमा विभिन्न सरोकारवालाहरु, शिक्षक, विद्यार्थी, अभिभावक, वि.व्य.स.अ. आदिलाई विषयवस्तुमा सिमित गरिएको छ । साथै यो शोधपत्रले आधारभूत तहको विद्यार्थीहरुलाई वितरण गरिने छात्रवृत्तिमा मात्र विषयवस्तुलाई सिमित गरिएको छ ।

## परिच्छेद दुई

### २.१ साहित्यको पुनरावलोकन

साहित्यको पुनरावलोकन भन्नाले जुन विषयमा शोधपत्र तयार गर्न लागिएको छ त्यो विषयसँग सम्बन्धी पहिलैनै खोज, अनुसन्धान भइ सकेको हुन सक्छ त्यस सम्बन्धी सत्य तथ्य कुराहरुलाई पुनः अवलोकन गर्नु नै सम्बन्धित साहित्यको पनुरावलोकन हो । पुनरावलोकनबाट मात्र थाहा हुन्छ कि यो विषयसँग सम्बन्धी के के पत्ता लागेको छ र के के पत्ता लगाउन बाँकी छ कस्ता कस्ता तथ्यहरु पत्ता लगाएमा उक्त विषयवस्तु उत्कृष्ट बनाउनका लागि पनि सम्बन्धित साहित्यको पुनरावलोकन गर्न आवश्यक छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

हामिले अध्ययन अनुसन्धान गर्ने जति पनि विषय वस्तुहरु छन् ति विषयवस्तुहरु कुनै न कुनै सिद्धान्तमा आधारित भएकै हुन्छ । सिद्धान्तले कुनै पनि अध्ययन अनुसन्धानलाई सहि बाटो देखाउने व्यवस्थित गर्न र सहि निचोडमा पुर्‍याउन मद्दत गर्दछ । यदि कुनै पनि सिद्धान्तलाई आधार नमानि अध्ययन अनुसन्धान गरिन्छ भने त्यो अनुसन्धान प्रभावकारी नहुन सक्छ । मैले अध्ययन गर्न लागेको विषय “छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव” मा निम्न सिद्धान्तहरुमा आधारित रहेको छ ।

स्किनर (१९३१) का अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्दछ र उक्त उत्तेजना पुर्नवलयुत्त हुनु पर्दछ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशिल बनाई सिकाई प्राप्त गर्न सकिन्छ । चाहेको व्यवहारमा अभ्यस्त गरी सिकाइको व्यवहारलाई चाहे अनुसारको आधारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार (प्रतिक्रिया) प्रति ठिक समयमा नै पुर्नवल प्रदान गर्न सक्दा त्यसको असर नकारात्मक पनि हुन सक्छ । तसर्थ सामान्य परिणामको आकलन गरी प्रतिक्रिया अनुसार पुर्नवल प्रदान गर्दै रहनु पर्दछ (शर्मा एण्ड शर्मा, २०६१) ।

स्किनरले प्रतिपादन गरेको कार्यपरक सम्वद्ध सिकाइ सिद्धान्त हाम्रो सामुदायिक विद्यालयको आधारभूत तहमा विद्यार्थी भर्नादर बढाउन, कक्षा छोड्ने दर घटाउन, नियमित कक्षामा उपस्थित गराउन र उनिहरुको सिकाइ उपलब्धिको स्तर वढाउन अति उपयोगी सिद्धान्त हो । स्किनरले आफ्नो सिद्धान्तमा मुसामाथि परिक्षण गर्दा मुसाले लिभर थिच्नासाथ खानाको व्यवस्था गरेको थियो र त्यो मुसा खान र पाउने उद्देश्यले शुरुमा गल्तिले लिभर थिचेता पनि पछि विना गल्ती लिभर थिच्छ । यसरी स्किनरको सिद्धान्तलाई आधार मानेर हामी आधारभूत तहमा विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रम सञ्चालन गरेर विद्यार्थीको भर्नादर बढाउने, कक्षा छोड्ने दर कम गर्ने साथै उनीहरुको शैक्षिक उपलब्धीमा पनि सुधार गर्न सक्नेछौ । नेपाल गरिव देश भएका कारण कतिपय वालवालिका कपि, कलम नभएर विद्यालयमा उपस्थित हुन नसकिरहेको अवस्था छ । गरिब बालबालिकाका लागि छात्रवृत्ति वितरण कार्यक्रमले धेरै राहत मिल्न सक्छ उक्त वितरण कार्यक्रमले वालवालिकाहरुलाई पढनमा प्रोत्साहन मिल्नेछ । फलस्वरुप विद्यार्थीहरु नियमित विद्यालय आइ विद्यार्थीहरुको शैक्षिक उपलब्धि बढ्ने छ ।

मास्लो (१९४३) को अभिप्रेरणाको सिद्धान्त अनुसार मानिसहरुमा आ-आफ्नै प्रकारको इच्छा, चाहाना आवश्यकताहरु हुन्छन् । गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य, यौन जस्ता कुराहरु आधारभूत आवश्यकताहरु हुन् । मानिसमा अनगिन्ति चाहाना र आवश्यकताहरु हुन्छन् एउटा आवश्यकता पुरा भए लगतै अर्को आवश्यकता देखा पर्दछ । आधारभूत आवश्यकता भन्नाले नभइ नहुने आवश्यकता हो भन्ने मास्लोको धारणा छ । उनले शारिरीक आवश्यकता, सुरक्षात्मक आवश्यकता, सामाजिक आवश्यकता, स्वभिमानको आवश्यकता र आत्मासन्तुष्टिको आवश्यकता गरी आवश्यकतालाई पाँच श्रेणीमा विभाजन गरेका छन् । मानिसका धेरै आवश्यकहरु भएता पनि नेपालमा कतिपय बालबालिकाहरु शारीरिक आवश्यकता गाँस, बाँस, कपासको अभावमा बाचिरहेका छन् जस्ले गर्दा विद्यालय जान असमर्थ हुन्छन् । यदी त्यस्ता बालबालिकालाई विद्यालयसम्म ल्याउनका लागि त्यस्ता वालवालिकाहरुको आवश्यकतालाई पुरा गर्नुपर्ने हुन्छ जुन आवश्यकता छात्रवृत्ति वितरण कार्यक्रमले पुरा गर्नेछ ( थापा, २०७३) ।

थर्नडाइक (१९१३) को प्रयत्न र भूलको सिद्धान्त प्राणीहरुको सिकाइमा उपयोगी मानिन्छ । उनले सिकाइ हुन उत्तेजना र प्रतिक्रिया बीचको सम्बन्धलाई व्याख्या गरेका छन् ।उनले आफ्नो परीक्षणमा विरालोलाई प्रयोग गरेका थिए । जुन उसले आफ्नो प्रयोग सफल पारे । बिरालोले पहिलो पल्ट छेस्कीनी नजानीकन खोल्न पुग्छ र खाना प्राप्त गर्दछ । त्यस पछि विस्तारै विना गल्ती छेस्कीनी प्रयत्न र भूलको सिद्धान्तद्वारा खोल्न पुग्छ । थर्नडाइकको विचारमा सिकाइ हुन पुरस्कार र दण्डको भूमिका रहेको हुन्छ । यदी सिकाइमा पुरस्कार उपलब्ध भएमा सिकाइ पुन दोहोरिन्छ । तर दण्ड दिएमा सिकाइ दोहोरिदैन (थापा, २०७३) ।

व्यवहारीक मनोविज्ञानका जन्मदाता थर्नडाइकले आफ्नो परिक्षणमा विरालोलाई प्रयोग गरे जस्तै हामीले हाम्रो सामुदायिक विद्यालयका बालबालिकाहरुलाई पुरस्कार स्वरुपम छात्रवृत्ति प्रदान गरियो भने उनीहरुमा सकारात्मक सोचको विकास हुन गई सिकाइमा प्रयत्न गर्ने गर्दछन् । उक्त छात्रवृत्तिले उनीहरुलाई सिकाइमा प्रोत्साहन मिलि राम्रा राम्रा सिकाइ सिक्ने छन् र त्यस्ता सिकाइलाई आवश्यक समयमा पुन प्रयोगमा ल्याउन सक्नेछन् ।

## २.२ साहित्यको पुनरावलोकन

यो शोध शीर्षकसँग सम्बन्धित धेरै शोधपत्रहरु, लेखहरु तयार भइसकेका छन् । मैले अध्ययन गर्न लागेको शीर्षकलाई पूर्ण रुपमा सान्दर्भिक बनाउनका लागी यो शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरुलाई आधार मानेर तिनीहरुको मुख्य मुख्य प्राप्ति र सुझावहरुलाई उल्लेख गरेको छ ।

नेपालको सामुदायिक विद्यालयहरुमा सरकारले मात्र छात्रवृत्ति वितरण नगरी विभिन्न संघ संस्था, स्थानिय निकाय, आयोगहरु तथा व्यक्तिगत रुपमा पनि प्रदान भइरहेका छन् । छात्रवृत्ति सम्बन्धि ऐन २०२१ ले सरकारबाट प्रदान गरिने छात्रवृत्तिलाई व्यवस्थित गर्नका लागि विभिन्न प्रावधानको व्यवस्था गरेको छ । यस ऐन अनुसार छात्रवृत्ति भन्नाले आर्थिक, सहयोगका साथमा सरकारबाट अध्ययन अनुसन्धान तालिम आदिको लागि प्रदान गरिने जुनसुकै किसिमको सहयोग छात्रवृत्तिको दायरा भित्र पर्ने देखिन्छ । शिक्षा ऐन २०२८ (सातौं संशोधन समेत

२०५८) को दफा ११ "ण" मा नेपाल सरकारले निम्न माध्यमिक शिक्षा र माध्यमिक शिक्षाका लागि विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्ने छ भन्ने उल्लेख गरिएको छ । सोही ऐनको दफा १६ ग मा संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नहटने गरी तोकिए वमोजिम विपन्न, अपाङ्ग, महिला, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने व्यवस्था उल्लेख गरिएको छ । शिक्षा नियमावली, २०५९ (सातौ संसोधन) को परिच्छेद २ ६ मा छात्रवृत्ति तथा निशुल्क शिक्षा सम्बन्धि व्यवस्था, नियम १५१ मा छात्रवृत्ति व्यवस्था गर्नुपर्ने र नियम १५२ मा निशुल्क शिक्षा उपलब्ध गराउनु पर्ने व्यवस्था अन्तरगत सामुदायिक विद्यालयको गरिबीको रेखा मुनि रहेको दलित, जनजाति र महिला लगायत अन्य विद्यार्थीहरुलाई निशुल्क शिक्षाको व्यवस्था गर्नु पर्ने भनी स्पष्ट रुपमा व्यवस्था भएको छ ।

पोखरेल (२०६७) ले प्राथमिक तहको छात्रवृत्तिले विद्यार्थी भर्नादरमा पारेको प्रभाव भन्ने अनुसन्धानात्मक कृतिको मुख्य उद्देश्यमा प्राथमिक तहमा छात्रवृत्तिले विद्यार्थी भर्नादरमा पारेको प्रभावको अध्ययन गर्नु रहेको छ । अनुसन्धानमा छात्रवृत्ति सञ्चालन भए एता छात्रवृत्ति कार्यक्रमले सकारात्मक विभेदिकरणको रुपमा काम गरेको जस्ले गर्दा विद्यार्थीहरुको विद्यालयमा नियमितता वृद्धि भएको, सिकाइ उपलब्धी, कक्षा उत्तीर्णदर, तह पुरा गर्नेदर वृद्धि भएको र कक्षा छाड्नेदर, कक्षा दोहोऱ्याउने दर घटेर गएको पाइएको छ । छात्रवृत्ति रकम वितरण गर्न समय र प्रक्रिया उपयुक्त नरहेको, छात्रवृत्ति वितरण सामुहिक कार्यक्रम आयोजना नगरी व्यक्तिगत रुपमा वितरण गर्ने गरेको, छात्रवृत्ति रकमको सहि सदुपयोग हुन नसकेको, लक्षित समुहका सवैले छात्रवृत्ति प्राप्त गर्न नसकेको, छात्रवृत्ति रकम न्यून रहेको, सरोकारवाला निकायबाट यस सम्बन्धमा कुनै पनि प्रकारको अनुगमन निरीक्षण हुने नगरेको कुरालाई शोधसारमा निश्कर्षको रुपमा प्रस्तुत गरेको छ ।

यस अध्ययनले सिफारिसका रुपमा समय र महगी अनुसार छात्रवृत्ति रकम वृद्धि गरिनु पर्ने अभिभावकहरुमा जागरण कार्यक्रम, चलाउनु पर्ने, औपचारिक कार्यक्रमको आयोजना गरी छात्रवृत्ति रकम वितरण गर्नु पर्ने, छात्रवृत्ति रकमको चुहावट तथा दुरुपयोगलाई नियन्त्रण गर्नु पर्ने, लक्षित समुहका सबैले छात्रवृत्ति प्राप्त गर्ने गरी छात्रवृत्तिको कोटा निर्धारण गर्नु पर्ने, खाजा तथा कपि कलमको व्यवस्था गर्नु पर्ने जस्ता सुझावहरु गर्नुभएको थियो ।

गजुरेल (२०६८) ले झापा जिल्लाको काँकरभिट्टा स्रोतकेन्द्र भित्रका २२ वटा सरकारी विद्यालयहरुका सरोकारवालाहरुलाई नमुनाको कूल जनसंख्याको रुपमा लिएर दलित छात्रवृत्ति वितरणले विद्यार्थीहरुको नियमिततामा पारेका प्रभाव भन्ने शोधपत्रमा उद्देश्यहरु निम्नानुसार रहेका छन् । दलित छात्रवृत्तिको वर्तमान स्थिति पहिचान गर्ने, दलित छात्रवृत्तिले विद्यार्थी नियमिततामा पारेको प्रभाव पत्ता लगाउने र दलित छात्रवृत्ति वितरणमा देखिएका समस्याहरुको पहिचान गरी सुझाव प्रस्तुत गर्ने ।

उक्त शोधपत्रको निष्कर्षको रुपमा नेपालमा विद्यालय स्तरीय छात्रवृत्तिको कार्यक्रमहरु विगत देखिनै अस्तित्वमा रहेको र यसले विद्यार्थीहरुको पठनपाठन कार्यक्रम अघि बढाउनकालागि सहयोग पुऱ्याएको छ । विभिन्न कारणवश पछाडि परेका र पछि पारिएका व्यक्तिहरुलाई शिक्षाको मूल धारमा ल्याउन छात्रवृत्तिले सहयोग

गरेको, सिकाइ गर्न सकारात्मक वातावरणको निर्माण गरेको विद्यालयमा उपस्थिति नियमितता बढाउन र कक्षा छाड्ने दर घटाउन पुनर्बलको काम गरेको छ । छात्रवृत्तिलाई प्रभावकारी रुपमा वितरण गर्न सम्बन्धित सरोकारवालाहरुको सहभागिताको खाँचो रहेको, छात्रवृत्ति विद्यार्थी संख्याको आधारमा न्यून रहेको कुरा देखिएको छ (गजुरेल, २०६८) । उक्त अनुसन्धानले सिफारिस गरेका कुराहरुमा छात्रवृत्ति वितरण कार्यक्रमको बारेमा सबै सरोकारवालालाई जानकारी गराउनु पर्ने अभिभावकहरुमा जागरण कार्यक्रम चलाउनु पर्ने, छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्ने, वर्षको २ पटक गरी छात्रवृत्ति वितरण गर्नुपर्ने, छात्रवृत्ति रकम समयमा नै र नियमित रुपमा वितरण गर्नुपर्ने, दलित छात्रवृत्ति वितरण सम्बन्धी अनुसन्धानहरु हुनु पर्ने, दलित छात्रवृत्ति अन्तर्गत दलित जेहेन्दार छात्रवृत्ति व्यवस्था गर्नुपर्ने, दलित छात्रवृत्ति कक्षागत रुपमा फरक हुने गरी निर्धारण गर्नु पर्ने रहेका छन् ।


## २.३ पुनरावलोकनको उपादेयता

"छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारको प्रभाव" शीर्षकसँग सम्बन्धित विभिन्न खोज, अध्ययन तथा लेखहरुको प्राप्ति र निष्कर्ष साथै दार्शनिक सिद्धान्तहरुलाई प्रस्तुत गरिएको छ । त्यस्ता लेख तथा शोध पत्रहरुले यो शोधपत्र सफल पार्नका लागि विभिन्न पक्षमा मद्धत गर्नेछ । सम्बन्धित साहित्यको पुनरावलोकनले छात्रवृत्ति सम्बन्धि भए गरेका व्यवस्था उपलब्धिमा सवल एवम् कमजोर पक्षहरु, अवसर र चुनौतिहरु लगायतका क्षेत्रमा थप नयाँ धारणाहरुको सहि बाटोमा अघि वढाउन सहयोग प्रदान गर्नेछ । साथै शोधकार्यलाई सहज, सरल र क्रमवद्ध ढङ्गले शोधकार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याउने छ । शोधकार्यका लागि कसरी योजना वनाउने, कसरी व्यवस्थापन गर्ने, कसरी प्रभावकारी बनाउने भन्ने कुरामा विभिन्न किसिमको ज्ञान, सीप र क्षमतामा वृद्धि गर्नेछ । यो शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरुले छात्रवृत्ति सम्बन्धी खोज गर्न छुटेका सत्य तथ्य कुराहरु पहिचान गर्न सहयोग मिल्नेछ । साथै अनुसन्धानात्मक कार्यको उपयुक्त ढाँचा निर्माण गर्न, छात्रवृत्तिसँग सम्बन्धित वास्तविक सरोकारवालाहरुको पहिचान गरी जनसंख्या र नमुनाको आधार निर्धारण गर्न एक उपयुक्त अनुसन्धानका साधनहरुको निर्माण गर्न आधार समेत मिल्ने छ ।

## २.४ अवधारणात्मक ढाँचा

शोधपत्रलाई चित्रद्वारा प्रस्तुत गर्नु नै सैद्धान्तिक/अवधारणात्मक ढाँचा हो । यो शोधपत्रको शीर्षक छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव मा कसरी छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा प्रभाव पार्दछ भनेर चित्र द्वारा प्रस्तुत गर्नु अवधारणात्मक ढाँचा हो जुन तल देखाइएको छ ।

चित्र नं. १



सामुदायिक विद्यालयको आधारभूत तहमा विद्यार्थीहरुको सिकाइ उपलब्धिमा वृद्धि गर्नका लागि छात्रवृत्तिको अत्यन्तै ठूलो भूमिका हुन सक्छ । अध्ययन गर्न लागेको शोध शीर्षक "छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव" को अवधारणात्मक ढाँचा माथि प्रस्तुत गरिएको छ । चित्रले देखाउन खोजेको के हो भने सर्वप्रथम विद्यार्थीलाई छात्रवृत्ति वितरण कार्यक्रम पश्चात विद्यार्थीमा धेरै कुराहरुको सुधार आउनेछ जुन कुरा चित्रको विच भागमा वर्गाकार चित्रले देखाउन खोजेको छ उक्त वर्गाकार चित्रमा छात्रवृत्ति प्राप्त गरिसके पछि उनीहरुको आधारभूत आवश्यकता पुरा हुने, अभिभावकले आफ्ना वालवालिकालाई विद्यालय भर्ना गराउने, विद्यालय छाड्ने र कक्षा दोहोऱ्याउने दरमा कमि, विद्यार्थी नियमित कक्षाकोठामा उपस्थित हुने, तथा नयाँ ज्ञान सिक्ने जस्ता राम्रा राम्रा कुराहरु देखा पर्नेछ त्यसपछि वर्गाकार चित्रमा देखाएको राम्रा राम्रा कुराहरु पश्चात विद्यार्थीको सिकाइ उपलब्धिमा स्वत वृद्धि हुन सक्ने छ ।

## परिच्छेद तीन

## अध्ययनको विधि र प्रक्रिया

शोधपत्र तयार गर्नका लागि कुनै ढाँचा, विधिहरुको माध्यमबाट अध्ययन गर्न आवश्यक छ अध्ययनको ढाँचाहरुको माध्यमबाट नै शोधपत्रलाई स्पष्ट, आकर्षक वैधतायुक्त र अध्ययनयोग्य बनाउछ साथै शोधपत्रलाई उत्कृष्ट बनाउन निश्चित क्रम र प्रक्रिया अपनाएर अध्ययन/अनुसनधान गरेमा शोधपत्र अत्यन्तै राम्रो बनाउन सकिन्छ ।

### ३.१ अध्ययनको ढाँचा र विधि

अध्ययन तथा अनुसन्धान कार्यमा विशेष गरी गुणानात्मक र परिमाणात्मक ढाँचा गरी २ प्रकारका अनुसन्धानात्मक ढाँचाहरुको प्रयोग गर्ने गरिन्छ । यो शोधपत्र पुरा गर्न गुणानात्मक ढाँचा वा परिमाणानात्मक ढाँचा मध्ये कुनै एक ढाँचाले मात्र पुरा नहुन सक्छ त्यसैले शोधकार्यमा मिश्रित अनुसन्धान ढाँचा प्रयोग गरिएको छ र त्यस्लाई वर्णनात्मक एवं विश्लेषणात्मक विधिबाट प्रस्तुत गरिएको छ ।

यस शोधपत्रमा परिमाणात्मक ढाँचा अन्तर्गत विभिन्न तथ्याङ्कहरु, चित्र, ग्राफ तालिका जस्ता सङ्ख्यात्मक अभिलेखहरु प्रस्तुत गरिएको छ भने गुणात्मक ढाँचा अन्तर्गत अभिभावकहरुको भनाइ, विद्यार्थीहरुको भनाइ, शिक्षक, प्रधानाध्यापक, स्रोत व्यक्तिका भनाइहरुलाई शाब्दिक रुपमा व्याख्या विश्लेषण गरिएको छ ।

### ३.२ जनसङ्ख्या, नमुना र नमुना छनौट रणनीति

#### ३.२.१ जनसंख्या

यस अध्ययनको जनसङ्ख्या ओखलढुगा  जिल्ला अर्न्तगत खिजीदेम्वा गाउँपालिका अर्न्तगत २३ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । त्यस मध्ये ४ मा. वि. र २ आ. वि. का ६ जना प्र.अ., ६ जना वि.व्य.स. अध्यक्ष, प्रत्येक विद्यालयका २/२ जना विद्यार्थीहरु, अभिभावकहरु यस अध्ययनको जनसंख्या हुन् ।

#### ३.२.२ नमुना

यस स्रोतकेन्द्रमा पर्ने २३ वटा सामुदायिक विद्यालयहरुमा कार्यरत प्रत्येक प्र.अ.हरु जम्मा ६ जना, वि.व्य.स. अध्यक्ष जम्मा ६ जना र प्रत्येक विद्यालयबाट २/२ जना विद्यार्थी, १/१ अभिभावक, १/१ शिक्षक र सो क्षेत्रका शिक्षा शाखा प्रमुखलाई नमुनाको रुपमा छनौट गरिएको छ।

#### ३.२.३ नमुना छनोट रणनीति

अनुसन्धानकर्ताले जुन उद्देश्य अनुसार अनुसन्धान गर्दैछ सो उद्देश्य परिपूर्तिका लागि आफ्नै बुद्धि विवेकद्वारा नमुना छनोट गर्ने विधि नै उद्देश्य मूलक नमुना छनौट विधि हो । यसमा अनुसन्धानकर्ताले एकाइ छनोट गर्दा सान्दर्भिक र प्रमाणिक सूचना प्राप्त गर्न सक्ने आधारमा के कसरी नमुना छनोट गर्ने भनी आफै निर्णय गर्ने भएकोले यसलाई निर्णयात्मक नमुना छनोट पनि भनिन्छ । सामान्यतया अनुसन्धान कर्तालाई आफ्नो

अनुसन्धानका उद्देश्य बमोजिम कस्ता प्रकारका नमुना आवश्यक हुन्छ र त्यसबाट कुन हदसम्म प्रमाणकि नतिजा निस्कन्छ भन्ने कुराको पुर्ण ज्ञान हुनु जरुरी छ । यस शोधपत्रमा सम्पूर्ण क्षेत्रलाई समेट्नका लागि ६ वटा वडाबाट १/१ विद्यालय गरी ६ वटा विद्यालयलाई उद्देश्य मूलक नमुना छनौट विधिबाट छनोट गरिएको छ ।

### ३.३ अध्ययनको क्षेत्र

यस अध्ययनको क्षेत्र ओखलढुगा जिल्लाको खिजीदेम्बा गा. पा. अर्न्तगत पर्ने ६ वटा सामुदायिक विद्यालयहरुमा सिमित रहेको छ । साथै यस अध्ययनको विषयवस्तु विद्यालय शिक्षक, प्र. अ., विद्यार्थी, अभिभावकसँग सम्बन्धित रहि छात्रवृतिले विद्यार्थी सिकाई उपलव्धिमा पारेको प्रभावको अध्ययन गरिएको छ ।

### ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

यस शोधकार्य पुरा गर्नका लागि तथ्याङ्क सङ्कलन गर्नुपर्ने हुन्छ र त्यो तथ्याङ्क सङ्कलन गर्नका लागि निम्न प्रकारका साधनहरु प्रयोग गरिएको छ ।

क) अभिलेख

अध्ययन पुरा गर्न द्वितीय स्रोत अन्तर्गतका अभिलेखहरु विद्यालयमा गई विद्यार्थीको भर्नादार अघिल्लो साल छात्रवृत्ति पाउने विद्यार्थी कति थिए उत्तिर्ण हुने विद्यार्थी कति थिए कतिजनाले विद्यालय छोडे भन्ने प्राप्त गरियो । हाल विद्यालयमा कति छा.वृ. पाउने कत्ति छा.वृ. नपाउनेहरुको तथ्याङ्क विद्यालयबाट लिइयो । शि. वि. तथा समन्वय ईकाईमा गई खिजिदेम्वा गा.पा. अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुको सङ्ख्या पत्ता लगाइयो । साथै विद्यालयमा गई विद्यार्थीहरुको विद्यालयमा उपस्थिति विवरण पत्ता लगाइयो ।

ख) प्रश्नावली

अध्ययन पुरा गर्नका लागि विभिन्न साधनहरु मध्ये प्रश्नावलीको पनि प्रयोग गरिएको छ । प्रश्नावली अध्ययनसँग सम्बन्धित नमुना छनौटमा परेका प्र.अ., शिक्षा शाखा प्रमुख बिचमा प्रयोग गरिएको छ । जसलाई अनुसूची ३ र ४ मा प्रस्तुत गरिएको छ ।

ग) अर्न्तवार्ता प्रश्नावली

यो साधन अध्ययनका लागि उपयोगि भएकोले नमुना छनौटमा परेका शिक्षक, विद्यार्थी अभिभावक वि.व्य.स. अध्यक्षका माथि प्रयोग गरिएको छ र त्यसलाई अनुसूची ५,६,७ र ८ मा राखिएको छ ।

घ) अवलोकन फारम

अवलोकन फारममा विद्यालयको नाम ठेगाना, विद्यालयमा अध्ययन गर्ने छात्र संख्या, छात्रा संख्या र जम्मा सङ्ख्या रहेको थियो । विद्यालय आएका बाल बालिकाहरुको सफासुघर साथै अनुशासन पनि अवलोकन गरियो । साथै

विद्यालयमा वितरण गरिने छा.वृ. को किसिम, समय र परीक्षामा सम्मिलित संख्या मध्ये छात्रवृत्ति पाउने विद्यार्थी उत्तिर्ण स. र छा.वृ. नपाउने उत्तिर्ण संख्याको अवलोकन गरियो जुन अनुसूची २ मा राखिएको छ ।

### ३.५ साधनको वैधता

कुनै पनि अध्ययन/अनुसन्धानलाई सफलतापूर्वक पुरा गर्नका लागि सम्बन्धित क्षेत्र, व्यक्तिबाट तथ्याङ्क संकलन गर्नुपर्ने हुन्छ जुन अनुमानको भरमा गरेर हुँदैन त्यसका लागि वैध तथ्याङ्क संकलनका साधनहरुको निर्माण गर्नु पर्ने हुन्छ । वैध साधनहरुले सहि तथ्याङ्क संकलन गरेको छ । त्यस्ता साधनहरु निर्माण गर्दा हचुवाको भरमा निमार्ण गर्न हुँदैन त्यसैले त्यस्ता साधनहरु जस्तै प्रश्नावली, अर्न्तवार्ता प्रश्नावली अवलोकन फारम निर्माण गर्दा निर्देशक ज्यूसँग छलफल गरिएको छ । साथै विषय विशेषज्ञ, शिक्षकहरु आफूभन्दा अग्र विद्यार्थीसँग छलफल तथा निर्माण गर्ने आधार र तरिकाहरु सिकेर निर्माण गरिएको छ ।

### ३.६ तथ्याङ्क सङ्कलन प्रक्रिया

यो अनुसन्धानमा विशेष गरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याI संकलन गरियो । प्राथमिक स्रोतबाट तथ्याI संकलन गर्नुका लागि तथ्याङ्कको स्रोतमा पुगेर प्रश्नावली र अन्तरवार्ता प्रश्नावलीको प्रयोग गरिएको थियो । साथै विभिन्न अभिलेख अवलोकन फारमको प्रयोग गरी तथ्याङ्कहरु संकलन गरिएको थियो । प्रश्नावली र अन्तरवार्ता प्रश्नावलीहरु शिक्षक, प्र.अ., अभिभावक, विद्यार्थी साथै छात्रवृति कार्यक्रमसँग सम्बन्धित व्यक्तिहरुलाई सोधिएको थियो भने विद्यालयमा भएको अभिलेख जस्तै : छात्रवृति पाउने विद्यार्थी, छात्रा संख्या, छात्र संख्या विद्यालय छाड्ने दर साथै यो विषयसँग सम्बन्धित शोधपत्रहरुलाई द्वितीय स्रोतका रुपमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

यस अध्ययनमा मिश्रित अनुसन्धान ढाँचा अपनाइएको कारणले प्रश्नावली, अर्न्तवार्ता, प्रत्यक्ष अवलोकन र अभिलेखबाट प्राप्त तथ्याङ्कहरुलाई शुरुमा तालिकामा देखाई विश्लेषण गरिएको छ । त्यसपछि तथ्याङ्क शास्त्रीय विधि अन्तरगत प्रतिशतमा देखाई स्तम्भ चित्रमा राखी गुणानात्मक र परिमाणात्मक तरिकाले व्याख्या विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## नतिजाको छलफल र विश्लेशण

यस परिच्छेदमा अध्ययनले उद्देश्य पुरा गर्नका लागि आवश्यक परिमाणात्मक र गुणात्मक तथ्याङ्कहरु सङ्कलन गरी विभिन्न उपशीर्षकहरुमा विभाजन गरी परिमाणात्मक र गुणात्मक ढङ्गले प्रस्तुतीकरण गरी उद्देश्य अनुसार व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा प्राप्त तथ्याङ्कहरुलाई उद्देश्य, सिद्धान्त र पूर्व साहित्यको अध्ययनबाट प्राप्त अनुभवलाई समेत ध्यान दिइएको छ । परिमाणात्मक तथ्याङ्कले देखाउन नसकेका महत्वपूर्ण तथ्यहरु वर्णनात्मक ढङ्गले व्याख्या विश्लेषण गरिएको छ । तथ्याङ्कको प्रस्तुतीकरण गर्दा कतिपय सङ्ख्यात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुतिकरण गरिएको छ भने सैद्धान्तिक तथ्याङ्कहरुलाई वर्णनात्मक विधिद्वारा व्याख्या विश्लेषण गरेको छु ।

### ४.१ छात्रवृत्ति वितरण प्रकृया

सामुदायिक तहका हरेक विद्यालयमा छात्रवृत्ति प्रदान गर्ने गरिन्छ । छात्रवृत्ति विभिन्न प्रकारका हुन्छन् जस्तैः छात्रा, अपाङ्ग, दलित, सिमान्तकृत, लोपोन्मुख आदि । छात्रवृत्ति वितरण एक निश्चित नियममा रहेर हुने गर्दछ । सर्वप्रथम जिल्ला शिक्षा विकास तथा समन्वय इकाइ ले IEMIS फारम विद्यालयमा पठाउदछ र त्यो फारममा विद्यालयमा भर्ना भएका विद्यार्थी मध्ये समन्वय इकाइ .ले पठाएको कोटा अनुसारको कोटामा विद्यार्थीको नाम थर ठेगाना बाबु आमाको नाम लेखेर पाठाइन्छ त्यस फारममा जनजातिको कोटामा जनजाति विद्यार्थीको नाम त्यसैगरी दलितको कोटामा दलित विद्यार्थीको नाम ठेगाना लेखी पुन समन्वय इकाइमा पठाइन्छ त्यही फारमको आधारमा विद्यार्थीको लागि छात्रावृत्ति विद्यालयमा आउने गर्दछ । यदि IEMIS फारममा नाम छुटेको विद्यार्थी अथवा IEMIS फारम समन्वय इकाइ मा बुझाइ सके पछि भर्ना भएका विद्यार्थीका लागि छात्रृत्ति रकम विद्यालयमा आउदैन । प्राप्त जानकारीबाट मलाइ के थाहा भयो भने छात्रवृत्ति जुन वर्षमा IEMIS फारम भरिन्छ त्यो छात्रवृत्ति त्यहि वर्ष वितरण नगरी अर्को वर्षाको शैक्षिक सत्रको सुरुमा दिइन्छ । अहिले सम्म IEMIS फारम समन्वय इकाइ .ले पठाउने र छात्रवृत्ति रकम उपलब्ध गराउने गरेको पाइन्छ तर अब स्थानिय तहमा अथवा गाउँपालिका, नगरपालिकामा रहेको शिक्षा शाखाबाट उपलब्ध गराइनेछ-शिक्षक -खिजीदेम्बा गा.पा. ) ।


**तालिका नं १ : आधारभूत तह (१–८) को विद्यार्थी विवरण**

| क्र.सं. | विद्यालयको नाम | विद्यार्थी विवरण | | |
|---|---|---|---|---|
| | | छात्र | छात्रा | जम्मा |
| १ | श्री नर्मदेश्वर माध्यमिक विद्यालय खिजीदेम्बा | १४८ | १०२ | २५० |
| २ | श्री फुलमति मा.वि., खिजीदेम्बा | १२३ | ९६ | २१९ |
| ३ | श्री शिवालय मा.वि. खिजीदेम्बा | ५२ | ३७ | ८९ |
| ४ | श्री चुलि आधारभूत विद्यालय खिजीदेम्बा | २१ | ६३ | ८४ |
| ५ | श्री कुण्डलि मा.वि. खिजीदेम्बा | ६४ | ५५ | ११९ |
| ६ | श्री बुद्ध आधारभूत खिजीदेम्बा | २० | ३८ | ५८ |

स्रोत : विद्यालय अभिलेख, २०७८

माथिको तालिका नमुना छनौटमा परेका विद्यालयहरु हुन उक्त विद्यालयहरुमा विद्यार्थीहरुको विवरण स्पष्ट रुपमा व्यक्त गरिएको छ । यस अध्ययनमा प्रत्येक विद्यालयहरुको कक्षा १ देखि ८ सम्म आधारभूत तह सम्मको विद्यार्थी विवरण समावेश गरिएको छ । माथिको तालिकामा सबै भन्दा बढि विद्यार्थी भएको विद्यालय श्री फुलमति मा.वि. खिजीदेम्बामा रहेको छ । त्यसैगरी सबै भन्दा कम विद्यार्थी भएको विद्यालय श्री चुलि आधारभूत .विद्यालय. खिजीदेम्बा गा.पा. १ मा रहेको छ । उक्त विद्यालयमा आधारभूत तहमा अध्ययनरत विद्यार्थी जम्मा ८४ जना मात्र रहेको छ । छात्र र छात्राको सङ्ख्यालाई हेर्दा चार वटा विद्यालयमा छात्रको बाहुल्यता रहेको छ र दुई वटा विद्यालय श्री चुलि आधारभूत विद्यालय र श्री बुद्ध आधारभूत मा मात्र छात्राको सङ्ख्या छात्रको भन्दा बढि छ । यो तथ्याङ्कबाट के अनुमान गर्न सकिन्छ भने अहिले पनि छात्राहरुले कक्षा चढेसँगसँगै पढाई पनि स्थगित गर्ने गरेको पाइन्छ ।

*चित्र २:* **अध्ययनमा परेको विद्यालयहरुको विद्यार्थी विवरण**




### ४.१.१ छात्रवृत्ति वितरणको समय

यो शोध कार्यलाई सफल पार्न उद्देश्य मूलक तरिकाले ओखलढुगा जिल्लाको खिजीदेम्बा गा.पा. अन्तर्गत ६ वटा वडाबाट १/१ वटा विद्यालयलाई छनौट गरी तथ्याङ्क संकलन गरेको छ । कुनै पनि कार्य सही समयमा गरियो भने मात्र त्यस कार्यको प्रतिफल राम्रो आउन सक्छ यदि सहि समयमा लागु अथवा कार्य गर्न सकिएन भने त्यस कार्य व्यर्थ भएर जान्छ । त्यसै गरी छात्रवृत्ति विवरण कार्य पनि हचुवाको भरमा गर्नु हुँदैन । त्यस कार्यलाई सहि समयमा वितरण गर्नुपर्छ । एउटा विरुवालाई उपयुक्त समयमा मलजल हाले पछि विरुवा राम्ररी फस्टाए झैं छात्रवृत्ति वितरण पनि उपयुक्त समयमा वितरण गरेर विद्यार्थीहरुलाई पढाइमा हौसला, उत्प्रेरणा मिल्छ । छनोटमा परेका प्रत्येक विद्यालयका प्रत्येक प्र.अ. शिक्षक विद्यार्थी तथा सम्वन्धित सरोकारवालाहरु छात्रवृत्ति वितरणको उपयुक्त समयको बारेमा प्रश्न राखी तथ्याङ्क संकलन गरेको छ । उक्त तथ्याङ्कलाई तालिका नं. ५ मा स्पष्टसँग प्रस्तुत गरिएको छ । साथै कुन कुन विद्यालयले कुन समयमा छात्रवृत्ति वितरण गर्ने गरेको छ भन्ने बारेमा पनि स्पष्ट पारिएको छ ।

सम्पूर्ण सरोकारवालाको धारणालाई व्यक्त गर्दा के भन्न सकिन्छ भने छात्रवृत्ति कार्यक्रम शै. सत्रको शुरुमा वितरण गर्दा उपयुक्त हुन्छ किनभने शै. सत्रको शुरुमा छात्रवृत्ति पाएमा आफूलाई आवश्यक परेको सामान किन्न पाउछन् साथै फेरी राम्ररी पढेर छात्रवृत्ति पाउने हौसला विद्यार्थीहरुमा मिल्छ । तर एक शिक्षकले मलाई व्यक्तिगत रुपमा भेटेर छात्रवृत्ति वितरण कार्यक्रम शै. सत्रको शुरुमा वितरण नगरी अन्त्यमा वितरण गर्नु राम्रो हुन्छ भन्नु भयो । किन ? भन्ने प्रश्नमा उहाँले शैक्षिक सत्रको शुरुमा छात्रवृत्ति वितरण गरेमा विद्यार्थीले छात्रवृत्ति प्राप्त गरे पश्चात विद्यार्थी विद्यालय आउँदैनन् भन्ने धारणा व्यक्त गर्नु भयो ।

### ४.१.२ छात्रवृत्ति वितरणमा नगद र जिन्सीको अवस्था

वर्तमान समयमा सरकारी विद्यालयहरुमा विभिन्न प्रकारका छात्रवृत्ति वितरण गर्ने गरिन्छ । नेपाल सरकारले आधाभूत तहका सम्पूर्ण छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था गरेको छ । सरकारी विद्यालयहरुमा छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति अपाङ्ग छात्रवृत्ति, सिमान्तकृत, द्वन्द्व पिडित, लोपोन्मुख आदि ।

खिजीदेम्बा गा.पा . अन्तर्गतका ६ वटा वडाका ६ वटा विद्यालयमा अनुसन्धान गर्दा श्री नर्मदेश्वर मा.वि. र श्री कुण्डलि .मा.वि.ले नगद छात्रवृत्ति वितरण गर्ने गरेको पाइयो भने श्री शिवालय मा.वि.मा पनि नगदै वितरण गर्ने गरेको तर कुनै कुनै वर्ष दुवै प्रकारको छात्रवृत्ति वितरण गर्ने गरिएको छ किनभने "विद्यार्थीहरु भन्दा थोरै कोटाका लागि मात्र रकम आएमा सम्पूर्ण विद्यार्थीहरुलाई पुग्ने गरी पोशाक किनेर वितरण गर्ने गरेको छ" भनी श्री नर्मदेश्वर मा.वि. का शिक्षक खेम धमलाले मलाई बताउनु भयो । श्री नर्मदेश्वर .कै प्रधानाध्यापक खेम धमलाले भन्नु भए अनुसार छात्रवृत्ति वितरण गर्दा वि.व्य.स.को वैठकबाट शिक्षक, विद्यार्थी र उपस्थितिमा अभिभावकहरु बोलाई सामुहिक रुपमा वितरण गर्ने गरिन्छ । छात्रवृत्ति प्रकृया कस्तो हुनु पर्छ भनी गरिएको मत सर्वेक्षणमा धेरैको राय सामुहिक रुपमा वितरण गर्दा प्रभावकारी हुने धारणा पाए । छात्रवृत्ति प्राय विद्यार्थीको हातमा दिइन्छ तर कारण वस विद्यार्थी उपस्थिति हुन नसकेमा अभिभावकलाई हस्तान्तरण गर्ने गरिन्छ । वर्तमान समयमा छात्रवृत्ति वितरण कार्यक्रममा अभिभावकको अनिवार्य उपस्थिति चाहिन्छ कारण वस उपस्थित हुन नसकेमा मात्र विद्यार्थीलाई उक्त रकम प्रदान गरिन्छ । प्राय गरी सबै शिक्षक, प्र.अ.हरुले छात्रवृत्ति नगद वितरण गर्दा उपयुक्त हुने कुरा व्यक्त गर्नु भयो तर श्र शिवालय मा.वि .का शिक्षक मोहन धमला ज्यूले विद्यार्थीलाई छात्रवृत्तिमा जिन्सि वितरण गर्दा उपयोगी हुने बताउनु भयो किनभने नगद प्राप्त गरेमा विद्यार्थीले रकमको दुरुपयोग हुन सक्ने छात्रवृत्ति रकम पठन पाठनमा उपयोग नभई अनावश्यक खर्च अथवा घर खर्चमा प्रयोग गरी गलत प्रयोग हुन सक्छ ।

### ४.१.३ छात्रवृत्ति रकम कस्ले प्राप्त गर्दा राम्रो भन्ने विषयमा विद्यार्थी र अभिभावकको धारणा

वर्तमान समयमा हाम्रो समाज धेरै शिक्षित भएको छ । विद्यालयले वितरण गर्ने छात्रृत्तिको बारेमा विद्यार्थीका अभिभावक सचेत रहेको पाइयो । छात्रवृत्ति रकम कस्लाई दिन उपयुक्त होला ? भनी विद्यार्थीको अभिभावक र विद्यार्थी स्वयमलाई सोधिएको प्रश्नबाट प्राप्त उत्तरलाई तालिकामा व्यक्त गरिएको छ ।

तालिका२ : छात्रवृत्ति रकम कसले प्राप्त गर्दा राम्रो भन्ने विषयमा विद्यार्थी र अभिभावकको धारणा

| | विद्यार्थीलाई | आमाबुबालाई | शिक्षकलाई | अन्यलाई |
|---|---|---|---|---|
| विद्यार्थी | १० | २ | २ | - |
| शिक्षक | २ | १ | २ | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

माथिको तालिका विद्यार्थी, शिक्षक आमाबुबा र अन्य मध्ये कस्ले प्राप्त गर्दा उपयुक्त हुन्छ भन्ने प्रश्नबाट तयार गरेको हो । १२ जना विद्यार्थीहरु मध्ये १० जना विद्यार्थी अथवा ८३.३३ प्रतिशत विद्यार्थीले आफू स्वयमले छात्रवृत्ति रकम प्राप्त गर्नुपर्ने धारणा व्यत्त गरे भने १६.६६% ले आमावावुलाई छात्रृत्ति दिनु पर्ने धारणा व्यक्त गरे त्यसै गरी ६ जना अभिभावक माथी गरेको प्रश्नमा ८३.३ प्रतिशतले विद्यार्थीलाई र १६.६६% आमाबुबाले आफू स्वयमले प्राप्त गर्न पाउन पर्ने मत व्यक्त गरे यदि विद्यार्थीले छात्रवृत्ति प्राप्त, गरेमा अनावश्यक खर्च गर्ने गर्छन यदि आमाबुबाले उक्त रकम प्राप्त गरेमा विद्यार्थीको लागि आवश्यक सामानहरु किनेर ल्याउन सकिन्छ भन्ने धारमा व्यक्त गरे भने कतिपय आमाबुबाले आफ्ना सन्तानप्रति माया देखाउँदै विद्यार्थीहरुले नै पाउनु उपयुक्त हुन्छ उनीहरुलाई आवश्यक परेको समान उनीहरु स्वयमले किनोस भन्ने मत पाइयो । विद्यार्थीको हकमा विद्यार्थी स्वयमले रकम प्राप्त गर्न पाउँदा आफूले आफूलाई चाहेको समान किन्न पाइने र कसरी पैसालाई व्यवस्थापन गर्न सकिन्छ भन्ने कुराको विकास हुन्छ । आफूलाई खान मन लागेको चिज खान पाइन्छ भने त्यसै गरी कतिपय विद्यार्थीले आफूलाई रकम दिनु भन्दा आमाबाबुलाई उक्त रकम दिनु उपयुक्त हुन्छ भने किनभने हरेक कुरा आमाबाबुले नै जुटाइदिनु हुन्छ भन्ने धारणा व्यक्त गरे ।

### ४.१.४ छात्रवृत्ति वितरणमा शिक्षकहरुको संलग्नता

विद्यालयमा प्राप्त हुने छात्रवृत्ति वितरणमा धेरै शिक्षकहरुले चासो देखाउनु भएको थियो । शिक्षकहरुले सर्वप्रथमत जि.शि स इ .का.ले IEMIS फारममा चासो पूर्वक विद्यार्थीहरुको सम्पूर्ण विवरण भरेर जि.शि.स इ का.लाई पठाउने गरेको पाइयो साथै छात्रवृत्ति रकमबाट कोहि बञ्चित नहोस भनी कम बजेट आए पनि सम्पूर्णलाई पुग्ने गरी छात्रवृत्ति रकमले पोशाक किनी समान रुपमा वितरण गर्ने गरेको पाइयो छात्रवृत्ति वितरण गर्ने कार्यमा शिक्षकहरु सकृय रुपमा लागि परेको पाइयो । छात्रवृत्ति वितरण कार्यक्रम वि.व्य.स.को बैठकबाट अभिभावकहरुलाई बोलाउने कार्य तथा कार्यक्रम आयोजना तथा सम्पन्न गर्ने काममा पनि शिक्षकहरुको सकृय भूमिका रहेको पाइयो । शिक्षकहरुले यस्ता कार्यक्रमहरुले गर्दा विद्यार्थीको पढाइमा सकारात्मक सुधार आएको छ र यस्ता कार्याक्रमहरुलाई अझ प्रभावकारी बनाउनु आवश्यक रहेको पाइयो । शिक्षकहरुले विद्यार्थीहरुले प्राप्त गर्नु पर्ने छात्रवृत्तिको बारेमा अभिभावक भेलामा जानकारी दिने गरेको पाइयो । आर्थिक रुपले विपन्न विद्यार्थीहरुलाई छात्रवृत्ति रकमले आर्थिक सहयोग मिलेको पाइयो ।

छात्रवृत्ति वितरणलाई प्रभावकारी बनाउन के गर्नु पर्ला भनि गरिएको प्रश्नमा जिन्सी., पुस्तक, कपि, शै. समाग्रीको रुपमा दिदा राम्रो हुन्छ नगद भन्दा उपस्थिती र उपलब्धीमा आधारित हुन पर्ने कुरा पनि शिक्षकहरुबाट पाइयो यस्ता भनाइहरुबाट पनि थाहा पाउन सकिन्छ कि कति धेरै शिक्षकहरु छात्रवृत्ति कार्यक्रममा चासो राख्दछन् । भनेर छात्रवृत्ति वितरण कार्यक्रम प्रभावकारी रुपमा सफल भएमा विद्यार्थीहरु पठन पाठनमा सकृय भई लागी पर्दछन फलस्वरुप उनीहरुको नतिजा पनि राम्रो हुन्छ । शिक्षकहरु भन्नु हुन्छ छात्रवृत्ति वितरण पश्चात छात्रा, अपाङ्ग, दलित, सिमान्तकृत आदि बालबालिकाहरुको विद्यालयमा सहभागिता बढेको र शैक्षिक सुधार आएको छ भन्ने धारणा शिक्षकहरुको छ ।

### .४.१.५ छात्रवृत्तिको लागि विद्यार्थीको छनौट प्रकृया

नेपालको सरकारी विद्यालयहरुमा विभिन्न कोटामा छात्रवृत्ति वितरण गर्ने गरिन्छ । छात्रवृत्ति वितरण कार्यक्रम विद्यार्थीहरुका लागि एक राम्रो आयोजना हो । प्रत्येक विद्यालयमा छात्रवृत्ति रकम जिल्ला शिक्षा समन्वय इकाईले पठाउने गर्दछ तर कुनै वर्ष अन्य विद्यालयबाट ट्रान्सफर भई विद्यार्थी आएमा छात्रवृत्ति रकम अपुग हुन सक्छ त्यसैले सबै विद्यार्थीहरुलाई पुऱ्याउन वि.व्य.स.को बैठकबाट जिन्सी समान विद्यार्थीलाई दिने गरेको पाइयो । विद्यार्थीहरु कक्षामा प्रथम भएमा विद्यालयहरुले विद्यालयको तर्फबाट विद्यार्थीहरुलाई पुरस्कार स्वरुप कापी, पुस्तक कलम पनि दिने गरेको पाइयो यसलाई पनि छात्रवृत्तिको एक पक्ष मान्न सकिन्छ । छात्रवृत्ति छनोटका लागि विभिन्न आधारहरु रहेका छन् । त्यस्ता आधारहरु मध्ये राज्यले प्रदान गर्ने छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, अपाङ्ग छात्रवृत्ति सिमान्तकृत छात्रवृत्तिलाई छनौटमा परेका विद्यालयहरुमा वितरण गर्ने गरेको पाइयो । यस्ता छात्रवृत्तिहरुलाई निम्न तालिकामा राखि व्याख्या र विश्लेषण गरिएको छ ।

**तालिका ३ :प्राथमिक तहमा छात्रवृत्ति वितरणको स्वरुप**

| क्र.सं. | विद्यालय | छात्रवृत्तिको किसिम | | | | |
|---|---|---|---|---|---|---|
| | | गरिब तथा जेहेन्दार | दलित | बालिका | अपाङ्ग | सिमान्तकृत |
| १. | श्री नर्मदेश्वर माध्यमिक विद्यालय खिजीदेम्बा | २ | १५ | ४२ | १ | |
| २ | श्री फुलमति मा.वि., खिजीदेम्बा | ३ | १३ | १९ | ३ | |
| ३ | श्री शिवालय मा.वि. खिजीदेम्बा | ४ | ५ | ४१ | १ | |
| ४ | श्री चुलि आधारभूत विद्यालय खिजीदेम्बा | २ | ८ | ३६ | २ | |
| ५ | श्री कुण्डलि मा.वि. खिजीदेम्बा | ३ | ९ | ४२ | | |
| ६ | श्री बुद्ध आधारभूत खिजीदेम्बा | २ | ६ | ३१ | २ | |

स्रोतः विद्यालय अभिलेख, २०७८

खिजिदेम्बा गा.पा. का विद्यालयहरु मध्ये छनौटमा परेका विद्यालयहरुमा ५ प्रकारका छात्रवृत्ति वितरण गर्ने गरेको पाइयो ति छात्रवृत्तिहरुमा फरक–फरक रकमहरु रहेको हुन्छ । विशेष गरी छात्रा, दलित अपाङ्ग, गरिव तथा जेहेन्दार सिमान्तकृत आदि

छात्रवृत्तिहरु विना भेदभाव वितरण गर्ने गरेको पाइयो । छात्रवृत्ति पश्चात विद्यार्थीहरुमा सकारात्मक सोचको विकास भएको पाइन्छ । शिक्षकले विद्यालयमा रहेको गरिब तथा जेहेन्दार विद्यार्थीहरुको पहिचान गरी उक्त विद्यार्थीलाई प्रोत्साहन स्वरुप १७००।– धन राशि वितरण गर्ने गरिएको पाइयो । कतिपय विद्यालयहरुले विद्यालयको आम्दानीबाट केहि रकम छुट्याई कक्षा प्रथम, द्वितीय र तृतिय हुनेहरुलाई पुरस्कार दिने गरेको पाइयो ।

### ४.२ छात्रवृत्ति कार्यक्रमको प्रभावकारीता

प्रत्येक कार्यक्रमले एक निश्चित लक्ष्य राखेको हुन्छ । त्यसैगरी छात्रवृत्ति कार्यक्रमको पनि आफ्नै लक्ष्य रहेको छ । कक्षा छोड्ने दरमा कमि ल्याउन कक्षा दोहोऱ्याउने विद्यार्थीको शैक्षिक उपलब्धीमा सुधार ल्याउनु जस्ता लक्ष्यहरु छात्रवृत्ति कार्यक्रमले राखेको हुन्छ । आधारभूत उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराई उच्चतम शैक्षिक उपलब्धी प्राप्त गराउन बालबालिकाहरुलाई प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरण गरिदै आएको छ । बालबालिकालाई समयमै विद्यालयमा भर्ना गराई शैक्षिक क्षति हुन नदिन र विचमानै वा कक्षा दोहोऱ्याउने कार्यलाई निरुत्साहित गर्न छात्रवृत्ति कार्यक्रमको प्रभावकारीतामा ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

छात्रवृत्ति कार्यक्रमले लक्षित समुहलाई कतिको प्रभाव पारेको छ छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थी विचको नियमितता, कक्षा उत्तीर्ण दर, सिकाइ उपलब्धि, उनीहरुमा रहेको शैक्षिक सामग्री आदिको स्थितिले यस्को प्रभावकारीता देखिन्छ । छात्रवृत्ति वितरण प्रकृया छात्रवृत्ति वितरण निर्देशिकाको पालना, रकम र कोटाको पारदर्शिता प्राप्त रकमको उपयोगको स्थिति, छात्रावृत्ति कार्यक्रमका सकारात्मक र कमजोर पक्षहरुका बारेमा प्रधानाध्यापक, शिक्षक विद्यार्थी, शिक्षा शाखा प्रमुखसँग प्रश्नावली र अन्तर्वता समेतका आधारमा प्राप्त तथ्याङ्कहरुको तालिकिकरण गरी व्याख्या र विश्लेषण गरिएको छ ।

#### ४.२.१ उत्तीर्णदर

विद्यालय तहमा तीन चरणमा परीक्षा सम्पन्न हुने गर्दछ । त्रैमासिक, अर्धवार्षिक र वार्षिक परिक्षा तीन वटै परीक्षाको अङ्क जोडि विद्यार्थी उत्तीर्ण, अनुत्तीर्ण हुने गर्दथ्यो पहिले तर अहिले विद्यालय तहमा कक्षा उद्धार प्रणाली आए पश्चात कुनै पनि विद्यार्थी अनुत्तीर्ण हुँदैनन् कक्षा उद्धार प्रणाली लागु हुनु भन्दा पहिले बार्षिक परीक्षामा असफल विद्यार्थी सोहि कक्षामा पढ्नु पर्थ्यो । आधारभूत तहमा नेपाल सरकारको नीति अनुरुप उद्धार कक्षोन्नती भनिएतापनि ७० प्रतिशत उपस्थिति नपुग्ने विद्यार्थीहरु असफल हुने गर्दछन् । अध्ययनमा परेका विद्यालयको परीक्षाफलको नतिजा हेर्दा छात्रवृत्ति पाउने विद्यार्थीहरुको सिकाइ उपलब्धि केहि मात्रामा उच्च रहेको पाइन्छ त्यस्ता विद्यार्थी प्राय गरी नियमित विद्यालय आउने गरेको पाइयो छनोटमा परि अध्ययन गरिएका विद्यार्थीको २०७४ सालको परीक्षाको नतिजा निम्नानुसार रहेको पाइयो जसलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : परीक्षाको नतिजा**

| क्र.सं. | विद्यालय | परीक्षामा सम्मिलित | छात्रवृत्ति पाउने स. | छात्रवृत्ति नपाउने सं. | छात्रवृत्ति पाउने उत्तिर्ण सं. | छात्रवृत्ति नपाउने उत्तिर्ण सं. | छात्रवृत्ति पाउने उत्तीर्ण प्रतिशत | छात्रवृत्ति नपाउने उत्तीर्ण प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| १ | श्री नर्मदेश्वर माध्यमिक विद्यालय खिजीदेम्बा | २५० | १४० | ११० | १४० | ११० | १००% | १००% |
| २ | श्री फुलमति मा.वि., खिजीदेम्बा | २१९ | १०१ | ११८ | १०१ | ११८ | १००% | १००% |
| ३ | श्री शिवालय मा.वि. खिजीदेम्बा | ८९ | ४९ | ४० | ४९ | ४० | १००% | १००% |
| ४ | श्री चुलि आधारभूत विद्यालय खिजीदेम्बा | ८४ | ५६ | २८ | ५६ | २८ | १००% | १००% |
| ५ | श्री कुण्डलि मा.वि. खिजीदेम्बा | ११९ | ८५ | ३४ | ८५ | ३४ | १००% | १००% |
| ६ | श्री बुद आधारभूत खिजीदेम्बा | ५८ | ३८ | २० | ३८ | २० | १००% | १००% |

स्रोत : विद्यालय अभिलेख, २०७८

माथिको तालिकाबाट के थाहा पाउन सकिन्छ भने वर्तमान समयमा विद्यालयमा उद्धार कक्षा पद्धति अपनाउने र परीक्षाफल अक्षरांक पद्धतिमा आउने भएकोले कुनै पनि विद्यार्थी परीक्षामा अनुत्तिर्ण नबनाउने उद्देश्यले गर्दा छात्रवृत्ति रकम प्राप्त गर्ने र नगर्ने विचमा पास र फेलको खासै अन्तर नदेखिएता पनि उक्त विद्यार्थीहरुमा छात्रवृत्ति रकम प्राप्त गर्नेले छात्रवृत्ति प्राप्त नगर्नेको भन्दा धेरै राम्रो अंक ल्याएर पास भएको तथ्यांकबाट थाहा पाइयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु पढाइ प्रति रुचि राख्ने गरेको साथै सरसफाइमा पनि ध्यान दिने गरेको पाइयो । वास्तवमै छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा सकरात्मक प्रभाव पारेको देखियो । त्यसैले छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको सिकाई प्रक्रियामा उत्प्रेरकको काम गर्दछ ।

### ४.२.२ नियमितता

एक शैक्षिक सत्र भरीमा विद्यालयमा पठनपाठन हुने दिन र विद्यालय खुल्ने दिन निश्चित हुन्छन् । शिक्षा नियमावली अनुसार न्युनतम विद्यालय खुल्ने दिन २२० हुनु पर्ने व्यवस्था रहेको छ । विद्यालयमा हुने नियमितताले विद्यार्थीले प्राप्त गर्ने ज्ञान, सीप र अभिवृत्तिमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । विद्यार्थी सिकाइ उपलब्धि कक्षा छाड्ने दर कक्षा दोहोऱ्याउने जस्ता कार्यहरु नियमिततामा भर पर्दछन् । विद्यार्थीहरुमा सिकाइ हुने शारीरिक, मानसिक र संवेगात्मक पक्षमा समेत नियमितताको प्रभाव परेको हुन्छ । विद्यालय खुलेको दिन पठनपाठन भएको दिन र छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यालयहरुको विद्यालयमा रहेको उपस्थितिको अवस्था निम्न तालिकामा देखाइएको थियो ।

**तालिका ५ : छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीको उपस्थिति**


| क्र.सं. | विद्यालयको नाम | वि. खुलेको दिन | पढाइ भएको दिन | वर्षभरि औषत छा.वि. पाउने उपस्थिति | छात्रवृति नपाउने उपस्थिति |
|---|---|---|---|---|---|
| १. | श्री नर्मदेश्वर माध्यमिक विद्यालय खिजीदेम्बा | २१६ | १९० | २१३ | १८० |
| २ | श्री फुलमति मा.वि., खिजीदेम्बा . | २१० | १८४ | १९९ | १७४ |
| ३ | श्री शिवालय मा.वि. खिजीदेम्बा | २१२ | १८८ | २०९ | १९५ |
| ४ | श्री चुलि आधारभूत विद्यालय खिजीदेम्बा | २१४ | १९० | २०९ | १९८ |
| ५ | श्री कुण्डलि मा.वि. खिजीदेम्बा | २१५ | १८९ | २०१ | १९७ |
| ६ | श्री बुद्ध आधारभूत खिजीदेम्बा | २१६ | १८७ | २०३ | १९५ |

स्रोतः विद्यालय अभिलेख, २०७८

माथिको तालिकाबाट यो कुरा स्पष्ट हुन आउँछ कि शिक्षा नियमावली अनुसार हरेक विद्यालयहरु कम्तिमा २२० दिन खुल्नु पर्ने १९२ दिने पठन पाठन हुनु पर्ने व्यवस्था रहेता पनि कुनै पनि विद्यालयहरु २२० दिन नखुलेको र पढाइ पनि १९२ दिन नभएको देखिन्छ । यस्तो हुनुमा विभिन्न राजनैतिक र विद्यार्थी संगठनहरुको बन्दहड्ताल मुख्य जिम्वेवार रहेको कुरा विद्यालय सरोकारवाला र अभिभावकहरुको रहेको छ । तालिकामा सबै भन्दा बढी विद्यालय खुल्नेमा श्री नर्मदेश्वर माध्यमिक मा.वि. २१६ दिन र सबै भन्दा बढी पढाइ हुने दिनमा श्री नर्मदेश्वर माध्यमिक मा.वि. १९० दिन र सबैभन्दा कम पढाइ भएको विद्यालय श्री फुलमति मा.वि . रहेको छ ।

विद्यालयमा वितरित छात्रवृत्ति प्राप्त गर्ने र नगर्ने विद्यालयहरुको वर्ष भरिको औषत उपस्थितिलाई तुलना गर्दा छात्रवृत्ति प्राप्त नगर्ने विद्यालयको तुलनामा छात्रवृत्ति प्राप्त गर्नेको वार्षिक औषत उपस्थिति बढी रहेको पाइएको छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको उपस्थिति सबैभन्दा बढी र कम क्रमशः श्री नर्मदेश्वर मा.वि. र श्री फुलमति .मा.वि. मा २१३ र १९९ दिन रहेको छ, भने छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीहरुमा वार्षिक औषत उपस्थिति सबै भन्दा बढी श्री.. कुण्डलि मा.वि.१९७ र सबै भन्दा कम श्री फुलमति १७४ दिन रहेको छ । यसबाट छात्रवृत्ति कार्यक्रमले थर्नडाइकको सम्वलनको सिद्धान्तमा सकारात्मक सम्वलनको रुपमा काम गरेको पुष्टी हुन्छ । विद्यालयमा विद्यार्थीहरुको उपस्थितिमा बढोतरीसँगै उनीहरुको सिकाई उपलब्धिमा समेत सकारात्मक प्रभाव पर्न सक्ने कुराको अनुमान गर्न सकिन्छ । छात्रवृत्ति प्राप्त गर्नाले विद्यार्थीहरुमा विद्यालय जान तत्पर रहेको समेत देखिन्छ । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु आगामी वर्षको छात्रवृत्ति प्राप्त गर्ने लालसाले समेत विद्यालयमा बढी उपस्थिति हुने गरेको कुरा स्वयम् छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीसँगको सोधपुक्षमा प्राप्त भयो ।

*चित्र३* : विद्यार्थीको बार्षिक औषत उपस्थिति



अब्राहम मास्लो (१९४३) का अनुसार मानिसका इच्छा, चाहना र आवश्यकता प्रशस्त रहेको हुन्छन् । एक प्रकारका इच्छा तथा चाहानाको परिपूर्ति पछि पनि थप इच्छा र चाहानाको आवश्यकता खड्की रहन्छ । यसलाई उनले आवश्यकताको श्रृङ्खलाद्वारा प्रस्तुत गरेका छन् । मानिसहरुको चाहाना र आवश्यकताको पूर्णता कहिले हुँदैन उक्त चाहाना र आवश्यकता प्राप्तिको लागि मानिस सधै उत्प्रेरित भई नियमित हुने गर्दछ ।

वि.एफ स्किनर (१९३१) का अनुसार कुनै पनि कार्य गर्न प्राणीमा उत्तेजना पैदा हुनु पर्दछ र उक्त उत्तेजना प्रदान गराउन, उत्तेजना पुर्नवलयुक्त हुनु पर्दछ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिकृयालाई क्रियाशिल बनाइ सिकाई गर्न सकिन्छ र चाहेको व्यवहारमा अभ्यस्त गराउन सकिन्छ । सिकाइको व्यवहारलाई चोट अनुसारको आकारमा परिवर्तन गर्न सकिन्छ । प्राणीको ठीक व्यवहार प्रति ठीक समयमानै पुर्नबल प्रदान गर्न नसक्दा त्यसको असर नकारात्मक पनि हुन सक्छ । सिकाइमा सकारात्मक पुर्नवल प्राप्त कुनै पनि उत्तेजनाले प्राणीको क्रियात्मक व्यवहारमा परिवर्तन ल्याउँदछ, त्यस उत्तेजना प्रति उसका व्यवहारहरु क्रियाशिल हुन थाल्दछन् । स्किनरको प्रयोगमा लिभर थिच्दा खाना प्राप्त गरेको मुसाले पुन : खाना प्राप्त गर्नको लागि ऊ लिभर थिच्न क्रियाशिल हुन्छ तर खानाको दर घटाएमा वा खाना नआएमा मुसाको लिभर थिच्ने दर क्रमश : घट्दै गई अन्तमा लिभर थिच्ननै छोड्छ । हाम्रै छनौटमा परेका विद्यालयबाट प्राप्त तथ्याङ्कलाई हेर्दा विद्यालयमा रहेका विद्यार्थीसंख्या अनुसार छात्रवृत्ति कोटा अपर्याप्त हुँदा छात्रवृत्ति वितरण प्रक्रियामा संख्या पैदा हुन्छ र समयमा छात्रवृत्ति पुर्नवल प्राप्त गर्न नसक्दा उसलाई पढाइ प्रति र विद्यालय उपस्थिति प्रति नै नकरात्मक प्रभाव पार्ने हुँदा उसले नियमित विद्यालय आई सिकाई गर्न निरन्तर रुपमा छात्रवृत्ति प्राप्त गरिरहनु पर्दछ ।

### ४.२.३ अनुशासन

विद्यार्थीको गहना भनेको अनुशासन हो । एक असल विद्यार्थी हुन उसमा अनुशासन हुन अत्ति आवश्यक छ । अनुशासन भनेको निति नियमलाई अंगालेर हिड्ने बानी हो । विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि हुनको लागि विद्यार्थी नियमित रुपमा विद्यालय आउने र अनुशासित रुपमा अध्ययन गर्नु पर्ने हुन्छ । छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव भन्ने विषयमा यो शोधपत्र तयार गर्ने क्रममा छात्रवृत्तिको प्रभावकारीता शिर्षक अन्तरगत अनुशासन उपशीर्षक माथि गरिएको शोधमा सरोकारवाला व्यत्ति, विद्यार्थी, शिक्षक प्रधानाध्यापकसँग छलफल गर्दा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु तुलनात्मक रुपमा छात्रवृत्ति प्राप्त नगर्ने भन्दा बढी सफासुघर, नियमित र बढी अनुशासित हुने गरेको कुरा अवगत भयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुमा गुरु तथा गुरु आमालाई आदर र सम्मान गर्ने अनावश्यक झै झगडा नगर्ने गरेको पाइयो । अनुशासित नरहेमा पुन : छात्रवृत्ति नपाइन सकिने डरले समेत केहि विद्यार्थीहरु सधै विद्यालय पोषकमा विद्यालय आउने, ठीक समयमा आउने गृहकार्य कक्षाकार्यमा सकृय सहभागिता बन्न निर्देशन पालना गर्ने गरेको पाइयो ।

### ४.२.४ विद्यार्थी सामाजिकीकरण

नेपालधेरै जातजाति मिलेर बसोबास गरेको एक फुलबारी जस्तै हो । हाम्रो समाजमा विभिन्न धर्म, संस्कृति जातिका मानिसहरु एउटै समाजमा बसोबास गरेता पनि एक अर्कालाई सम्मान तथा आदर गर्ने गर्दछन् ।

समाजमा हुर्किंदै गरेका बालबालिकाहरुलाई समाजमा सामाजिकिकरण गर्ने अज्ञान सर्ब प्रथम अभिभावकले दिन्छन् त्यस पछि विद्यालयमा उसले ज्ञान आर्जन गर्दछ । विद्यालयमा वितरण गरिने छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुमा एकले अर्को व्यक्ति जाति धर्मलाई सम्मान गर्नु पर्ने कुराको ज्ञान दिन्छ । नेपालमा कुनै समयमा छुवाछुतको विषय एक समस्याको विषय थियो । त्यस समयमा त सानो म ठूलो, यो सँग हिड्न खान हुँदैन भन्ने ज्ञान बालबालिकाहरुलाई सिकाइन्थ्यो तर वर्तमान समयमा सबै शिक्षित भएका छन् दलित बालबालिकाहरु पनि अन्य जात जातिका बालबालिकासँग खाने, खेल्ने बस्ने गर्दछन् । छात्रवृत्ति कार्यक्रमले प्रत्येक समुदायमा रहेका अपाङ्ग सिमान्तकृत पिछडा वर्ग दलित गरिब विद्यार्थीहरुलाई समाजमा सामाजिकिकरण गराउनका लागि र विद्यालयमा टिकाइ राख्नका लागि सहयोग गरेको छ । नेपाल सरकारले बालबालिकाहरुको नैसर्गिक अधिकारलाई ध्यानमा राखेर कक्षा १0 सम्म निशुल्क पढ्न पाउने व्यवस्था गरेको छ । यसका साथै दलित सिमान्तकृत र अपाङ्गलाई छात्रवृत्तिको व्यवस्था गरी उनीहरुलाई विद्यालयमा सम्मान जनक वातावरणमा सिकाइ गर्ने अवसर प्रदान गरेको छ । छनौटमा परेका विद्यालयका शिक्षक विद्यार्थी, प्र.अ. र केही अभिभावकसँगको अर्न्तक्रियामा विभिन्न नामले आउने र प्रदान गरिने छात्रवृत्तिले विद्यार्थीहरु एक आपसमा मिलेर बस्ने, सर सहयोग गर्ने, हिज्याएर भन्ने जस्ता कुरा नहुने गरेबाट उनीहरुमा सामाजिकिकरणको भावनाको विकास गराउन सहयोग पुऱ्याएको अभिव्यक्ति दिएको पाइयो ।

छात्रवृत्ति नपाउने भन्दा पाउने बालबालिकाहरु बढि अनुशासित भएको देखियो । छात्रवृत्ति प्राप्त गर्ने बालबालिकाहरुमा धेरै सकारात्मक परिवर्तनहरु देखा परे विशेष गरी उनीहरु सफा कपडा लगाउने, हात खुट्टाका नङ्हरु काटेर आउने, गृहकार्य सधैं गरेर आउने साथीहरुसँग मिलेर बस्ने साथै समाजमा हुने विभिन्न गतिविधिमा सकृय सहभागिता देखाउने गरेको पाइयो । छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुमा कुनै पनि काममा अग्रसर हुने, विद्यालयले सञ्चालन गरेको अतिरिक्त तथा सहक्रियाकलापमा भाग लिने हरेक कुरालाई उत्सुकता पूर्वक आत्मसात गरी विद्यालयले आयोजना गर्ने खेलकुद क्रियाकलाप हाजिरीजवाफ, हिज्जे प्रतियोगिता जस्ता कार्यक्रममा सहभागिता हुने गरेको कुरा विद्यालयका शिक्षक र प्र.अ.सँगको कुराकानीका क्रममा जानकारी प्राप्त गरियो यसबाट छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरु छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको तुलनामा विद्यालय र घर परिवारमा समेत सकृय रुपमा प्रत्यक्ष क्रियाकलापमा सहभागी भई उनीहरुको सकारात्मक व्यवहार परिवर्तन गरि सामाजिकिकरणमा प्रत्यक्ष रुपले सहयोग पुऱ्याएको पाइयो ।

### ४.३ छात्रवृत्ति वितरणमा देखिएका समस्याहरु

जुनसुकै कार्यक्रममा कुनै न कुनै प्रकारका समस्या अथवा कमिकमजोरीहरु रहेका हुन्छन् । मैले अध्ययन गरेको छात्रवृत्ति कार्यक्रमले सिकाइ उपलब्धीमा पारेको प्रभाव भन्ने कार्यक्रम पनि समस्या रहित भने छैन । यो अनुसन्धानका क्रममा छनौटमा परेका विद्यालयमा पुगि सरोकारवाला (विद्यार्थी, शिक्षक, अभिभावक र प्र.अ.) आदिसँग गरिएको प्रश्नावली र प्रत्यक्ष भेटघाटका क्रममा छात्रवृत्ति वितरणमा कोटा वितरण देखि लिएर विद्यार्थी छनोट, रकम वितरण, सुचना प्रवाह निर्देशिकाको अध्ययन समयको किटान जस्ता पक्षमा प्रशस्त मात्रामा समस्याहरु रहेका छन् । भनी जानकारी प्राप्त भएका छन् । छात्रवृत्ति कोटा वितरणमा पाउनु पर्नेको सङ्ख्या

अनुसार कोटा प्राप्त नहुनु, कम रकम निकासा हुनु, आन्तरिक अपाङ्गता भएको तस्विर पेश गर्न कठिन हुनु, छात्रवृत्ति प्राप्त गरेपछि विद्यालयमा निरन्तरता नदिन बिचैमा कक्षा छाड्नु, छात्रवृत्ति पाए पनि समस्याहरु रहेका छन् ।

कतिपय विद्यालयले छात्रवृत्ति वितरण पछि छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको शैक्षिक उपलब्धीको विवरण नराख्नु लक्षित समुहका लागि आएको छात्रवृत्ति रकम दामासाहीले सबैमा वितरण नगर्नु, छात्रवृत्ति वितरणमा पारदर्शिता नहुनु, कतिपय अभिभावकले छात्रवृत्ति वितरणमा संलग्नता नदेखाउनु, छात्रवृत्ति रकम र विद्यार्थी संख्याबिच फरक देखिनु, छात्रवृत्तिको नामावली जिल्लामा गई सके पछि विद्यार्थी विद्यालयमा भर्ना हुनु जस्ले गर्दा त्यो विद्यार्थीको लागि छात्रवृत्ति रकम प्राप्त नहुनु पनि छात्रवृत्तिको समस्या हो । कतिपय विद्यार्थीले छात्रवत्ति पाए पनि मैले किन र कस्तो प्रकारको छात्रवृत्ति पाए भन्ने समेत जानकारी नभएको पाइयो ।

मास्लोको अभि प्रेरणाको सिद्धान्त अनुसार मानिसका अति आवश्यक कुरा गाँस, बास र कपास पुरा भएमा मात्र विद्यार्थीहरु विद्यालय शिक्षामा सहभागी हुने नत्र खाली पेटमा शिक्षा लिन नसक्ने हुँदा छात्रवृत्ति कार्यक्रमले केही अर्थमा सहयोग पुऱ्याई विद्यार्थीलाई विद्यालयमा उपस्थिति हुने अवस्थाको सृजना गर्न सकिने कुरा सरोकारवालाबाट प्राप्त भयो ।

एउटा विरुवालाई हुर्काएर रुख बनाउनका लागि त्यस विरुवालाई उचित वातावरण सृजना गराइदिनु पर्दछ उचित मलजल र वातावरण प्रश्चात मात्र विरुवा बढ्न थाल्छ यदि उचित वातावरण सृजना हुन सकेन भने त्यो विरुवा मर्छ । उपरोक्त समस्याहरुका अत्तिरिक्त छात्रवृत्ति कार्यक्रमको प्रभावकारीताको बारेमा सबैको ध्यान नजानु अभिभावकहरु बोलाइएको दिन विद्यालयमा उपस्थित नहुनु हरेक विद्यार्थीको वास्तविक आर्थिक स्थिति बुझि छात्रवृत्ति दिनु पर्ने वा नपर्ने त्यसको यकिन गर्न कठिनाई हुनु दलित, अपाङ्, सिमान्तकृत आदिलाई विद्यालयमा नियमित नहुँदा पनि छात्रवत्ति दिइनु जस्ता पक्षहरु छात्रवृत्ति कार्यक्रमका समस्याहरु हुन ।

### ४.३.१ छात्रवृत्तिको सदुपयोग/दुरुपयोग

नेपालमा शिक्षाको पहुँचबाट टाढा रहेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई प्राथमिक तहको शिक्षामा पहुँच पुऱ्याउन सरकारी निकायबाट विभिन्न किसिमका छात्रवृत्ति रकम वितरण गरिदै आएको छ । पठनपाठनको लागि आवश्यक पर्ने न्युनतम शैक्षिक सामग्रीको व्यवस्था गर्न नसक्ने लैङ्गिक विभेदका कारण शिक्षाको पहुँचबाट टाढा रहेका जातिय वा सामाजिक रुपले पछि पारिएका शारीरिक रुपले अशक्त बालबालिकाहरुलाई विद्यालय प्रवेश गराउन र बीचैमा कक्षा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने उद्देश्यले छात्रवृत्ति रकमको वितरण हुँदै आएको छ । सचेत अभिभावकले छात्रवृत्ति रकमलाई बालबालिकाको शिक्षा मानै खर्च गर्ने गरेका छन् भने कोही अशिक्षित अभिभावकहरुले उक्त रकमको सही सदुपयोग गरेको पाँइदैन । छात्रवृत्ति रकम लिएर बेलुका घर आउँदा उक्त रकम शिक्षामा खर्च नगरी अत्यन्तै लापरबाही पूर्ण तरिकाले खर्च गरेको समेत भेटिएको छ । तपाइको बालबालिकाले प्राप्त गरेको रकम के काममा खर्च गर्नु हुन्छ ? भनी सोधिएको प्रश्नमा अभिभावकहरुबाट प्राप्त उत्तरलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ६ : छात्रवृत्ति रकमको उपयोगमा अभिभावकको अभिमत**

| शिर्षक | पठनपाठनमा | घर खर्चमा | फजुल खर्च | ऋण तिर्न |
|---|---|---|---|---|
| अभिभावकसंख्या | ४ | १ | – | १ |
| प्रतिशत | ६६.६६% | १६.६६% | | १६.६६% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७८

तपाईका छोरा छोरीले पाएको छात्रवृत्तिको रकम के मा खर्च गर्नु हुन्छ ? भनी ६ ओटा विद्यालयका विद्यार्थीहरुको अभिभावकहरुलाई सोधिएको प्रश्नमा ४ जनाले पठन पाठनको लागि आवश्यक सामग्री किन्न प्रयोग गर्ने गरेको १ जनाले घर खर्चमा खर्चेको र १ जनाले ऋण तिर्नमा खर्चेको र फजुल खर्च कसैले पनि नगरेको पाइयो । वितरण गरिएको छात्रवृत्ति मध्ये ६७% ले मात्र पठन पाठनमा खर्च गर्दा रहेछन् बाकी १६.५% ले घर खर्चमा र १६.५% ले ऋण तिर्नमा खर्च गर्दा रहेछन् ।

माथिको तालिकालाई हेर्दा छात्रवृत्ति रकम सहि तरिकाले सदुपयोग भएको भएता पनि कतिपय ठाउँमा यस कार्यक्रमको दुरुपयोग पनि भइरहेको छ । छात्रवृत्ति कार्यक्रमले विद्यालयमा अध्ययन गर्ने बाल बालिकालाई कति प्रेरित गरेको छ भनी विश्लेषण गर्न आवश्यक हुन्छ । अध्ययनबाट छात्रवृत्ति रकमको उपयोगितामा पहिचान गरिएका मुख्य क्षेत्रहरुमा बालबालिकाको शिक्षामा प्रयोग, बाल बालिकाको परिवारमा प्रयोग उनिहरुका अभिभावकद्वारा दुरुपयोग र अभिभावकद्वारा घरायसी प्रयोजनमा प्रयोग हुने गरेको छ । बालबालिको शिक्षामा प्रयोग गर्ने क्रममा विद्यालय पोशाक खरिदमा विद्यालयका लागि आश्यक पुस्तक, कपि विद्यालय झोला आदि खरिदमा, बालबालिकाको लागि खाजा खर्च तिर्न रहेको छन् । छात्रवृत्ति वितरणबाट प्राप्त रकमको सहि सदुपयोगको रुपमा यस्ता कार्यलाई लिन सकिन्छ । अध्ययनबाट प्राप्त सुचनाहरुका आधारमा हेर्दा घर खर्च वा पारिवारिक व्यवसाय चलाउनमा समेत छात्रवृत्ति रकमको प्रयोग गर्ने गरेका छन् । यस्ता खर्चमा खाद्यन्न खरिद ऋण तिर्न र परिवारका अन्य सदस्यहरुलाई लत्ता कपडा किन्नमा समेत खर्च हुने गरेको छ ।

छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीका आमाबुबा वा अभिभावकहरुबाट छात्रवृत्ति रकमको दुरुपयोग समेत हुने गरेको छ । यस्तो हुनाले छात्रवृत्ति रकमको उपयोगिता सम्बन्धमा कडा निर्देशन र निरीक्षण गर्न आवश्यक छ । वर्तमान समयमा प्रत्येक विद्यालयमा प्राय गरि अभिभावकहरुको उपस्थितिमा विद्यार्थीलाई छात्रवृत्ति रकम हस्तान्तरण गर्ने गरिन्छ तर कुनै विद्यालयमा रकम वितरण नगरि कपडा वितरण गर्ने गरेको पनि पाइयो कतिपय विद्यार्थीहरुले छात्रवृत्ति रकम आफू स्वयमले प्राप्त गरेको राम्रो हो भन्ने प्रतिक्रिया दिए भने कतिपयले आफ्नो अभिभावकलाई उक्त रकम हस्तान्तरण गरेको राम्रो किन भने अभिभावकले आफ्नो हरेक समस्याहरु समाधान गरिदिनु हुन्छ आफूलाई चाहेको समान ल्याइदिनु हुन्छ यदि आफैले रकम प्राप्त गरेमा अनावश्यक खर्च गर्न मन लाग्छ जस्ता प्रतिकृया दिए ।

#### ४.३.२ छात्रवृत्ति रकमको प्रयाप्तताको अवस्था

नेपाल सरकारबाट वितरण गरिंदै आएको छात्रवृत्ति के कति पर्य्याप्त छ ? के अहिलेको आकाशिदो मंहगीमा उक्त रकम पर्याप्त छ ? र तपाईहरुले के कति छात्रवृत्ति रकम पाउने गर्नु भएको छ ? भनी गरिएको प्रश्नमा सरोकारवाला अभिभावक, विद्यार्थी शिक्षक, प्र.अ. को लगभग एकै प्रकारको जवाफ पाइयो । अध्ययनमा परेका विद्यालयका प्र.अ.बाट आएको उत्तरलाई विश्लेषण गर्दा छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्दछ भन्ने १०० प्रतिशत प्र.अ.हरु रहेको पाइयो त्यस्तै अभिभावकसँग प्रत्यक्ष भेटघाट र प्रश्नावली भराउँदा अहिलेको यो मंहगीमा त्यत्ति थोरै रकमले आफ्नो नानीहरुलाई २ महिनाको स्टेशनरी समेत किन्न नपुग्ने हुँदा दिए भन्दा दिए भन्ने अर्थमा छात्रवृत्ति दिनुको त्यति धेरै उचित नरहेको हुँदा दिइने छात्रवृत्ति रकम वृत्ति गरिनु पर्दछ भन्ने १०० प्रतिशत अभिभावकहरु रहेको पाइयो । विद्यालयहरुले शिक्षा कार्यलय मार्फत प्राप्त गरेको छात्रवृत्ति रकम निम्नानुसार हुने गरेको छ ।

तालिका नं. ७ : छात्रवृत्ति रकमको दर

| छात्रवृत्तिको प्रकार | छात्रवृत्ति रकम |
|---|---|
| दलित | ४००।- |
| बालिका | ४००।- |
| अपाङ्ग | अपाङ्गताको किसिम हेरी १०००-२५०० सम्म |
| सिमान्तकृत | ४००।- |
| आदिवासी/जनजाती | ५००।- |
| लोपोन्मुख समुदाय छात्रवृत्ति | ५००।- |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

उपरोक्त तालिकाको तथ्याङ्कहरुलाई विश्लेषण गर्दा यो अनुसन्धानको उद्देश्य आधारभूत तहको छात्रवृत्तिको प्रभावकारिता रहेको हुँदा गरिब तथा जेहेन्दार छात्रवृत्ति भनी माध्यमिक तहमा वितरण गरिने छात्रवृत्तिमा त्यति गहिरिएर अध्ययन गरिएन । अन्य छात्रवृत्तिका अपाङ्ग छात्रवृत्तिलाई अपाङ्गताको अवस्था हेरी न्यूनतम रु १०००।- देखि अधिकतम रु २५००।- सम्म वितरण हुने गरेको पाइयो । अध्ययनमा परेका विद्यालयहरु मध्ये श्री नर्मदेश्वर, श्री फुलमति माध्यमिक विद्यालय, श्रीबुद्ध आ.वि. मा छात्रवृत्ति बाँडेको देखियो । माथि उल्लेखित रकमका सम्बन्धमा विद्यार्थी, अभिभावक, प्र.अ. समेतलाई सोधपुछ गर्दा उक्त रकम अत्यन्तै न्यून रहेको हुँदा बढि गरिनु पर्ने सुझाव समेत प्राप्त भयो यसका साथै कतिपय विद्यालयले यसरी आएको छात्रवृत्ति समेतलाई सहि तरिकाले वितरण गर्न सकेका छैनन । जिल्ला शिक्षा कार्यलय ओखलढुगामा छात्रवृत्ति वितरण शाखामा सम्पर्क गर्दा कहिले काहि तोकिएको रकम निकासा भएता पनि विद्यार्थी घटबढ हुनाले समस्या आउने गरेको पाइयो ।

### ४.३.३ छात्रवृत्ति वितरण गर्ने समयको उपयुक्तता

विद्यालयमा प्राप्त छात्रवृत्ति कुन समयमा वितरण गर्दा उपयुक्त हुन्छ भनी खोज गर्ने कार्य गरियो । विशेष गरी आधारभूत तहमा विद्यार्थीहरुको भर्नादर घटी रहेको हुँदा प्रवेश सँग सँगै छात्रवृत्ति वितरण गरिएमा बालबालिकाको विद्यालय सम्मको पहुँच बढ्ने हुँदा धेरै विद्यालयहरुले भर्नाकै समयमा छात्रवृत्ति वितरण गर्ने गरेका छन्। उक्त तालिकालाई विश्लेषण गर्दा सबै विद्यालयहरुमा शैक्षिक सत्रको शुरुमानै छात्रवृत्ति वितरण गर्नुपर्ने उपयुक्त हुने जानकारी प्राप्त भयो । वास्तवमा शैक्षिक सत्रको शुरुमा छात्रवृत्ति उपयुक्त हुन्छ किनभने विद्यार्थीले रकम प्राप्त गरेमा उनिहरुमा जोस जागर साथै हौसला मिल्ने देखिन्छ तर कतिपय विद्यार्थीले छात्रवृत्ति रकम प्राप्त गरिसके पश्चात विद्यालयमा उपस्थित नै नहुने पनि देखिन्छ । अध्ययनमा परेका अभिभावक र विद्यार्थीहरुलाई प्रश्न गर्दा पनि शैक्षिक सत्रको शुरुमा छात्रवृत्ति वितरण गर्दा उपयुक्त हुने प्रतिक्रिया दिए । शै.स.को शुरुमै छात्रवृत्ति वितरण गरेमा उक्त छात्रवृत्ति बापत प्राप्त रकमले विद्यार्थीहरुले आवश्यक स्टेशनरी सामग्रीहरु बेलैमा खरिद गरि शिक्षण सिकाइमा सघाउ पुग्ने हुँदा समेत छात्रवृत्ति रकमलाई शैक्षिक सत्र शुरु भए लगत्तै वितरण गरिनु उपयुक्त हुने देखिन्छ ।

### ४.३.४ छात्रवृत्ति वितरणमा पारदर्शिता

विद्यालयका हरेक काम कारवाही हुनु पर्दछ । अझ आर्थिक पारदर्शिता भएन भने विद्यालय व्यवस्थापन अनियमितताको भुमरीमा फस्न सक्छ तसर्थ अनुसन्धानको क्रममा छात्रवृत्ति वितरण गर्दा विद्यार्थीको छनौट प्रकृया वितरण प्रणालीमा मापदण्डको निर्धारण, वितरणमा शैक्षिक स्टाफहरुको संलग्नता, वि.व्य.स. पदाधिकारीहरुको सकृयता जस्ता कुराहरुलाई छात्रवृत्ति वितरण गर्न पूर्व कुन प्रकारको छात्रवृत्ति के कति मात्रामा प्राप्त भएको छ भनी एकिन गरे पश्चात छात्रवृत्ति वितरण गर्ने गरेको पाइयो । यसबाट छनौट प्रक्रियामा पारदर्शिता रहेको देखिन्छ तर छात्रवृत्ति वितरण गर्दा कोठामा तोकिए बमोजिम रकम निकाशा नहुँदा केहि रकम घटबढ भई आर्थिक हिनामिना भएको पो होकी भन्ने लागेता पनि अध्ययनमा परेका विद्यालयहरुमा विद्यार्थी भर्ना बढेर उक्त रकम वित्तरण नगरि स्कुल ड्रेस वितरण गर्ने गरेको पाइयो ।

### ४.३.५ वितरण प्रणालीमा मापदण्डको निर्धारण

विद्यालयहरुले शिक्षा कार्यलयमा पठाएको तथ्याङ्कका आधारमा छात्रवृत्ति रकम निकासा हुने गरेको तर विवरण पठाइसके पछि भर्ना भएका विद्यार्थीलाई छात्रवृत्ति रमक नआउने र शिक्षा कार्यलयमै तोकिए भन्दा कम रकम निकासा गर्ने गर्दा विद्यालयले छात्रवृत्ति वितरणमा केहि मात्र दण्ड निर्धारण समेत गर्ने गरेको पाइयो । यसमा नियमितता, सरसफाइ, अनुशासन, गरिब तथा जेहेन्दार जस्ता कुरालाई आधार मानि शिक्षा कार्यलयले दिने रकमको अलावा विद्यालय आफैले विद्यालय कोषबाट समेत बार्षिक उत्सवको अवसर पारेर थप छात्रवृत्तिहरु नगदे वा जिन्सीको रुपमा समेत वितरण गर्ने गरेको पाइयो ।

### ४.३.६ अनुगमन र सुपरिवेक्षण

कुनै पनि कार्यक्रमको प्रभावकारीता त्यसमा गरिने निरन्तरको अनुगमन र सुपरिवेक्षणमा भर पर्दछ । अध्ययनमा परेका विद्यालयका प्र.अ.हरुसँग गरिएको छलफलमा छात्रवृत्ति वितरणकै लागी भनी कुनै त्यस्तो अनुगमन र सुपरिक्षण हुने नगरेता पनि माथिल्ला निकायबाट विद्यालयमा पुगेका अधिकारीहरुबाट छात्रवृत्ति वितरणको अवस्था कस्तो छ ? छात्रवृत्ति पाएका छात्रछात्राहरुको नियमितता र उनीहरुको सिकाइ उपस्थिति बारेमा चासो राख्ने गरेको पाइयो । कार्यक्रमको आयोजना गरि छात्रवृत्ति वितरण गर्ने गरेका पाइयो । कार्यक्रमको आयोजना गरि छात्रवृत्ति वितरण गर्ने गरेका विद्यालयहरुले छात्रवृत्ति वितरण गर्न त्यस विद्यालयले शिक्षा शाखा प्रमुखलाई आमन्त्रण गर्ने गरेका रहेछन् । विद्यालयका शिक्षकहरुबाट अभिभावकको उपस्थितिमा छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरु नियमित भए नभएको, पढाइमा ध्यान दिने गरे नगरेको जस्ता कुरामा गम्भिरता पूर्वक चासो लिने गरेको र त्यस्ता विद्यार्थीको अभिभावकसँग समेत बेलाबेलामा भेटघाट गरी विद्यार्थीबारे शोधपुछ गर्ने गरेको पाइयो ।

### ४.३.७ नीतिगत निर्देशन

छात्रवृत्ति छनौट प्रक्रियादेखि त्यसको पारदर्शिता र वितरण प्रकृया समेतमा निश्चित नीति निर्देशनहरु दिइएको हुन्छ । अध्ययनको छनौटमा परेका विद्यालयका प्रधानाध्यापकसँग यस सम्बन्धमा शोधपुक्ष गर्दा बेलाबेलामा जिल्ला शिक्षा कार्यालयबाट परिपत्र गरी फलाना फलाना शीर्षकमा यस्तो छात्रवृत्ति प्राप्त गर्ने भएको हुँदा वितरण गरी सो को जानकारी जि.शि.का.मा गराउनु होला भन्ने र अभिभावकहरु उपस्थितिमा शैक्षिक सत्रको शुरुमा छात्रवृत्ति वितरण गर्नु पर्ने निर्देशन जि.शि.का ले दिएको हुन्छ ।

### ४.३.८ चेतना

अध्ययनको छनोटमा परेका विद्यालयहरु ग्रामिण भेगमा रहेका भएता पनि विद्यालयले अभिभावकको प्रत्यक्ष उपस्थितिमा छात्रवृत्ति गर्ने हुँदा सबै अभिभावकलाई जानकारी गरी छात्रवृत्ति वितरण गरिन्छ । तर अभिभावकहरुलाई कुन छात्रवृत्तिका लागि कति रकम पाइन्छ भन्ने कुराको जानकारी नभएको पाइयो । कतिपय अभिभावकले छात्रवृत्ति पाइने आशाले पनि आफ्ना बालबालिकालाई विद्यालयमा भर्ना गरेको पाइयो ।

कतिपय विद्यार्थीले छात्रवृत्ति पाएता पनि किन पाए भन्ने थाहै नपाएको बताए । छलफलमा सहभागी कतिपय अभिभावकहरुले आफ्नो गाउँ घरमा खोलेका गैर सरकारी संस्थाहरुले उनीहरुका लागि नानीहरुलाई शिक्षामा गरिरहेको लगानी हेर्दा विद्यालयले दिने न्यूनतम राशीको छात्रवृत्ति ले खासै सहयोग नगर्ने हुँदा छात्रत्ति प्राप्तिको होडमा नलाग्ने गरेको भन्ने पाइयो । केही पढे लेखेका बुबाआमा छात्रवृत्तिले थोरै भए पनि उनीहरुको सिकाइमा सकारात्मक परिवर्तन ल्याउने हुँदा वर्गीकरण गरेर छात्रवृत्ति दिइनु भन्दा पनि सबैलाई दिदा उपयुक्त हुने विचार व्यक्त गरेकोबाट छात्रवृत्ति प्राप्त सचेत रहेको देखिन्छ ।

### ४.४ छात्रवृत्ति वितरणमा देखिएका समस्या समाधानका उपायहरु

नेपाल एक बहुजाति, भाषा, धर्म र संस्कृति भएको राष्ट्र हो । यहाँ रहेका मानिसहरु जातीय र वर्गीय रुपले पछि परेका छन् । खासगरी दलित, सिमान्तकृत र लोपोन्मुख जातिको आर्थिक अवस्था पनि प्राय दयनिय रहेको छ । त्यस्ता समुदायका मानिसहरुमा आधारभूत आवश्यकता जस्तै गाँस, बाँस र कपास जस्ता समस्याले गर्दा शिक्षा आर्जनमा झनै समस्या रहेको तथ्यहरुले प्रस्ट्याउँदछन् तसर्थ राज्यले सबैलाई शिक्षा दिने उद्देश्य राखेर राज्यको ठूलो धनराशी शिक्षा क्षेत्रमा गरी रहेको छ । यति ठूलो धनराशीको लगानीबाट आउने प्रतिफल पनि उच्च नै रहनु पर्ने हुन्छ । यति धेरै रकम शिक्षामा लगानी गरी उच्च प्रतिफल प्राप्त गर्ने क्रममा सम्बन्धित सरोकारवालाहरुलाई साथ लिएर अगाडि बढेमा मात्र छात्रवृत्तिको सहि सदुपयोग हुन सक्दछ ।

#### ४.४.१ आधारभूत तहमा छात्रवृत्ति वितरण प्रकृया

छनौटमा परेका सामुदायिक विद्यालयहरुमा विशेष गरी ५ प्रकारका छा.वृ. वितरण गर्ने गरेको पाइयो । सर्वप्रथम विद्यालयमा अध्ययन गर्ने वालाबालिकाहरुको कोटा निर्धारण गरिएको हुन्छ जस्तैः छात्रा, अपाङ्ग गरिव तथा जेहेन्दार, सिमान्तकृत, पिछडा वर्ग आदि कोटामा पर्ने विद्यार्थीहरुको नाम टिपिन्छ । छा.वृ. पाउने विद्यार्थीहरुको IEMIS फारम भराइन्छ र उक्त भरिएको फारम गाउँ पालिकामा पठाइन्छ र उक्त फारम अनुसारको व्यक्ति पहिचान गरी गाउँपालिका शिक्षा शाखाले अर्को आर्थिक वर्षमा छात्रवृति रकम पठांउछ र उक्त रकम विद्यालयले वि.व्य.स. को वैठक वसि छात्रवृत्रिको लागि कार्यक्रम आयोजना गर्ने मितिको फैसला गर्दछ र त्यो कार्यक्रममा अभिभावकहरुको अनिवार्य उपस्थिति हुनु पर्छ र छात्रवृति वितरण गर्दा अभिभावकको उपस्थितिमा विद्यार्थी स्वयमले पाउने गर्दछ । धेरै अभिभावकहरु आफ्ना छोराछोरीले पाउने छात्रवृत्तिको बारेमा जानकार रहेको र छात्रवृति रकमलाई शेक्षिक सत्रको शुरुमा वितरण गरिदा उक्त रकमलाई उनीहरुकै शिक्षामा खर्च गर्ने बताए ।

#### ४.४.२ आधारभूत तहमा छात्रवृत्ति वितरणमा कार्यक्रमको प्रभावकारिता

सामुदायिक विद्यालयको आधारभूत तहमा छा.वृ. वितरण कार्यक्रम एकदमै प्रभावकारी भएको देखिन्छ । छा.वृ. कार्यक्रमले विद्यार्थीहरुको भर्नादरमा वृद्धि ल्याएको साथै विद्यालय छाड्ने दरमा पनि कमि ल्याएको छ । विद्यार्थीहरु नियमित विद्यालय उपस्थित हुने साथै सरसफाइ र अनुशासित पनि भएको देखिन्छ । विद्यार्थीहरुले प्राप्त गरेको छात्रवृति उनिहरुले आफ्नो शैक्षिक आवश्यकताहरु पुरा गर्नका लागि प्रयोग गर्ने गरेको पाइयो विद्यार्थीहरु आफूलाई चाहिने कापि, कलम जस्ता सामानहरु किन्ने गर्दछन् जस्ले गर्दा आफ्ना शैक्षिक आवश्यकता पुरा भए पछि पढाइमा सहजता भएपछि शैक्षिक क्षेत्रमा वृद्धि भएको पाइन्छ ।

यो कार्यक्रमबाट विद्यालयमा उपस्थित हुन नसक्ने विद्यार्थीहरुलाई पनि केहि मात्रामा सहयोग गरी उनिहरुको शैक्षिक स्तर वृद्धि गरेको पाइयो । छात्रवृति कार्यक्रमले विद्यार्थीहरुमा पढाइ प्रति रुचि बढाइ अभिभावकहरुको पनि सकारात्मक सोचको विकास गराएको छ । छात्रवृति कार्यक्रमले गरिव विद्यार्थीहरुलाई पनि शिक्षाको उज्यालोमा ल्याउन मद्दत गरेको छ । समाजमा रहेको पिछडा वर्ग, जनजाति, अपाङ्ग सिमान्तकृत तथा

जेहेन्दार विद्यार्थीहरुलाई शिक्षाबाट टाढा नराख्ने उद्देश्यले समान रुपमा अघि बढाउन छात्रवृतिको व्यावस्था गरेको छ जुन प्रभावकार्रा रहेको छ । पढाइप्रति रुचि नराख्ने विद्यार्थी पनि छात्रवृति रकम पाए पश्चात उनिहरुको शैक्षिक स्तरमा वृद्धि आएको पाइयो ।

### ४.४.३ आधारभूत तहमा छात्रवृति वितरणमा देखिएका समस्याहरु

कुनै पनि कार्यक्रम समस्या विहिन हुँदैन कुनै न कुनै प्रकारको समस्याहरु रहेकै हुन्छ । त्यस्तै गरी छात्रवृति वितरण कार्यक्रममा पनि केहि समस्याहरु रहेका छन् जुन समस्याहरुलाई निर्मूल पार्न सके छात्रवृति वितरण कार्यक्रम अझ प्रभावकारी हुनेछ । छात्रवृति कार्यक्रमका सकारात्मक र नकारात्मक दुवै पक्ष हुन्छन्, विद्यमान रहेका सकारात्मक पक्षमा प्रोत्साहन मिल्ने गरेको छ भने नकारात्मक पक्षमा छात्रवृति प्राप्त गरे पछि कक्षामा उपस्थित नहुने रहेको छ । छात्रवृति वितरण गर्ने समयमा अभिभावकहरु विद्यालयमा उपस्थित नहुनु, बढ्दो महंगि भए तापनि ५ वर्ष पहिले तोकेको रकम वृद्धि नगर्नु, विद्यार्थीहरुलाई खाजा नास्ताको व्यवस्था नहुनु जस्ले गर्दा के खाउ के लाउ भन्ने परिवारका बालबालिकाहरु समस्यामा परी विद्यालयमा उपस्थित नहुनु । कहिलेकाही आवश्यक भन्दा कम छात्रवृति रकम आउनु र क्ष्भ:क्ष्क फाराम भरि सकेपछि विद्यार्थी भर्ना हुनेले छात्रवृत्ति नपाउनु पनि एक समस्या रहेको छ । छात्रवृत्ति रकमको सदुपयोग मात्र नभइ दुरुपयोग पनि भएको पाइयो । कतिपय विद्यार्थीहरुले छात्रवृति रकम प्राप्त गरी सकेपछि अनावश्यक खर्च गर्ने गरेको पाइयो साथै अभिभावकहरुले पनि आफ्ना बालबालिकाले प्राप्त गरेको छात्रवृति रकम प्राप्त गरी सकेपछि अनावश्यक खर्च गर्ने गरेको पाइयो साथै अभिभावकहरुले पनि आफ्ना बालबालिकाले प्राप्त गरेको छात्रवृति रकम आफ्ना घर खर्च, ऋण तिर्न जस्ता कार्यमा खर्च गर्ने गरेको पनि पाइयो । त्यसैले श्री नर्मदेश्वर मा.वि. खिजीदेम्बा प्र.अ. खेम धमला का अनुसार नगद भन्दा जिन्सी पुस्तक कपि, कलम शैक्षिक सामग्रीको रुपमा वितरण गर्दा अझ प्रभावकारी हुन्छ । किनभने सामान दिएमा रकमको दुरुपयोग हुँदैन भन्ने प्रतिकृया दिनुभयो साथै कोटा संख्या अनुसार छात्रवृत्ति रकम निकासा हुन नसक्नु छात्रवृति वितरण कार्यक्रमको मुख्य समस्या रहेको छ भने रकम वृद्धि गरिनु पनि आवश्यक देखिन्छ ।

### ४.४.४ छात्रवृत्ति वितरण कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

आधारभूत तहमा छात्रवृति वितरण कार्यक्रम प्रभावकारी रहेको छ यस कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि यस कार्यक्रममा देखिएका समस्याहरुलाई समाधान गर्न आवश्यक देखिन्छ । छात्रवृति वितरण कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु यस प्रकार रहेका छन् :

क) स्थानीय तहबाट छात्रवृत्ति रकम समयमानै उपलब्ध गराउनु पर्ने,

ख) छात्रवृत्तिको कोटामा वृद्धि गरिनु पर्ने,

ग) छात्रवृत्ति वितरणमा अभिभावकको अनिवार्य संलग्नता हुनु पर्ने,

घ) छात्रवृत्ति रकममा वृद्धि गरिनु पर्ने,

ङ) विद्यालयमा नियमित उपस्थिति हुने बालबालिकालाई  मात्र छात्रवृत्ति वितरण गरिनु पर्ने,

च) छात्रवृत्ति पाएका विद्यार्थीको शैक्षिक उपलब्धिको अभिलेख विद्यालयले अनिवार्य रुपमा राख्नु पर्ने,

छ) रकम अपुग भएमा माग अनुसार गाउँपालिकाले थप रकम निकासा गर्नु पर्ने,

ज) छात्रवृति रकमको वितरण शैक्षिक सत्रको शुरुमा गर्नु पर्ने,

झ) छात्रवृत्तिको किसिम र रकमको अभिभावकलाई जानकारी गराइनु पर्ने,

ञ) बालबालिकाको वास्तविक अवस्था बुझेर छात्रवृति वितरण गरिनु पर्ने,

ट) छात्रवृति रकमको दुरुपयोग भइ रहेको छ कि छैन भनी मूल्याङ्कन गर्ने ।

विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरु मध्ये खासगरी लक्षित वर्गका विद्यार्थीहरुमा मास्लोको आवश्यकताको श्रृङ्खलामा रहेको आधारभूत आवश्यकता नै प्रमुख समस्याको रुपमा रहेको हुँदा शिक्षा आर्जन गर्ने पाउनु जस्ता बालबालिकाहरुको लागि उच्च तहको आवश्यकता सम्झन्छन् जे जसरी भएता पनि विद्यालयमा भर्ना गरेता पनि विविध समस्याहरुले गर्दा विद्यालयमा नियमित हुन सक्दैनन् नियमित भै हाले पनि आवश्यक सामग्रीका अभावमा शैक्षिक उपलब्धि राम्रो हुन सक्दैन । यस्ता समस्याहरुलाई सम्बोधन गर्न सकेमा मात्र शिक्षामा सबैको समान अवसर र पहुँच पुऱ्याउन थोरै भए पनि छात्रवृत्तिले प्रभाव पार्ने देखिन्छ ।

वि.एफ. स्किनरका अनुसार जुनसुकै कार्य गर्न पनि मानिसमा उत्तेजना पैदा हुनु पर्दछ र उक्त उत्तेजना पूनर्वलयक्त हुनु पर्दछ । यस्तो उत्तेजनाबाट प्राप्त प्रतिक्रियालाई क्रियाशील बनाइ सिकाइ प्राप्त गर्न सकिन्छ । छात्रवृत्तिको रकमले विद्यार्थीहरुमा उत्तेजना पैदा गर्न पूनर्वलको रुपमा कार्य गर्दछ । यसको प्रतिक्रिया स्वरुप विद्यार्थीहरु विद्यालयमा नियमित भइरहने फलस्वरुप सिकाइ उपलब्धिमा समेत वृद्धि हुने देखिन्छ । विद्यालय नियमित भइ अध्ययन गर्ने बानीमा छात्रवृत्ति कार्यक्रमले सकारात्मक प्रभाव पर्दछ ।

### ४.५ प्राप्ति तथा सारांश

#### ४.५.१ प्राप्ति

ओखलढुंगा जिल्लाको खिजीदेम्बा गा. पा. अन्तरगत रहेको सामुदायिक विद्यालयहरुमा आधारभूत तहमा छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव शीर्षकमा यो अनुसन्धान गरिएको छ । खिजीदेम्बा गा. पा. अन्तर्गत पर्ने ६ वटा वडामा मा रहेको विद्यालयहरु मध्येबाट प्रत्येक वडामा एउटा विद्यालय पर्ने गरी नि.मा.वि. र मा.वि.हरुलाई अध्ययनका लागि नमुना क्षेत्रका रुपमा लिएर सम्पन्न गरिएको छ । तथ्याङ्क संकलनका क्रममा अवलोकन, अन्तरवार्ता, छलफल, विद्यालयका तथ्याङ्क फारम र भराइएका प्रश्नावलीको आधारमा यो शोधपत्र तयार गरिएको छ ।

ओखलढुगा जिल्लाको खिजीदेम्बा गा. पा. अन्तर्गत पर्ने खिजीदेम्बा गा. पा. मा रहेका ६ वटा वडामा अवस्थित १५ वटा आधारभूत र ८ वटा गरी जम्मा २३ वटा मा सामुदायिक विद्यालयबाट उद्देश्यात्मक नमुना छनौट विधिका आधारमा ४ वटा मा. वि. र २ वटा आ. वि. गरी जम्मा ६ वटा विद्यालयको छनौट गरिएको छ । प्राप्त भएका तथ्याङ्कहरुको संकेतिकरण र तालिकिकरण गरी विभिन्न तथ्याङ्क शास्त्रिय विधि प्रयोग गरी व्याख्या तथा विश्लेषण कार्य गरिएको छ । स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्ने क्रममा निम्न तथ्यहरु प्राप्तिको रुपमा भेटिएका छन् ।

खिजीदेम्बा गा. पा. मा रहेका विद्यालयहरुमा विशेष गरी जातजाति, लिङ्ग, वर्ग, शारीरिक अवस्थाका आधारमा छात्रवृत्ति वितरण गर्ने गरिएको पाइयो । बालबालिकाहरुलाई छात्रवृत्तिका रुपमा पाठ्यपुस्तकहरु वितरण गरिएको पाइयो । छात्रवृत्ति वितरण गर्दा विद्यालयमा औपचारिक कार्यक्रमको आयोजना गरी अभिभावकहरुको उपस्थितिमा छात्रवृत्ति वितरण गर्ने गरिएको पाइयो तर कतिपय अभिभावकहरु विभिन्न समस्याका कारण उपस्थित नहुने हुँदा विद्यार्थी स्वयमलाई छात्रवृत्ति रकम प्रदान गर्ने गरिएको पाइयो त्यस्तो अवस्था आउनुको कारण विद्यार्थीहरु छात्रवृत्ति फारम भरीसके पछि भर्ना भएकोले त्यस्तो भएको पाइयो । छात्रवृत्ति रकम कुनै कुनै वर्ष अपुग भएको पनि पाइयो त्यस्तो अवस्था आउनुको कारण विद्यार्थीहरु छात्रवृत्ति फारम भरीसके पछि भर्ना भएकोले त्यस्तो भएको पाइयो । त्यस्तो अवस्थामा कतिपय विद्यार्थीहरुले रकमको साटो जिन्सि सामान वितरण गर्ने गरिएको पाइयो चुलि आ वि मा विद्यार्थीहरुलाई विद्यालय पोशाक वितरण गर्ने गरेको पाइयो । छात्रवृत्ति रकम वितरणमा गाउँपालिकाले समेत अनुगमन, निरीक्षण र परामर्श दिने गरेता पनि पूर्ण रुपमा सफल हुन सकेको छैन ।

छात्रवृत्ति रकमको धेरै मात्रामा सदुपायोग भएको भएतापनि कतिपय ठाउँमा दुरुपयोग भएको पनि पाइयो । छात्रृत्ति रकमले गर्दा विद्यालयमा विद्यार्थीहरुको भर्ना दर बढेको पाइएता पनि नियमितता सोचे अनुरुप रहेको पाइएन । छात्रवृत्तिको कारणले विद्यार्थीहरुमा पढाईप्रति रुची जागृत भई उत्कृष्टता प्राप्त गर्ने तर्फ उन्मुख रहेको पाइयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छनौटमा प्र.अ. र शिक्षकहरु सहभागी हुने गरेको पाइयो । छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी छात्रवृत्ति प्राप्त नगर्नेको तुलनामा विद्यालयमा बढी उपस्थिति हुने गरेको पाइयो । वर्तमान समयको

महंगी अनुसार छात्रवृत्ति रकम न्यून भयो आज भन्दा ५ वर्ष अघि जति रकम प्रदान गर्थ्यो अहिले पनि त्यति नै रकम प्रदान गरिएको गुनासो सरोकारवालाहरुबाट प्रसस्त मात्रामा पाइयो । तल्ला कक्षामा छात्रवृत्ति पाउनेले माथिल्लो कक्षाहरुमा समेत रकम वृद्धिसँग छात्रवृत्ति प्राप्त गरिरहनु पर्ने माग समेत अभिभावकहरुले रहेको पाइयो ।

छात्रवृत्ति कार्यक्रमले विद्यार्थीहरुको स्वास्थ्य सरसफाइ अनुशासन साथै विद्यालय उपस्थितिमा नियमितता ल्याएको देखिन्छ । छात्रवृत्ति वितरणले जेहेन्दार र गरिब तथा अपाङ्ग विद्यार्थीहरुलाई थप उर्जा थप्ने काम गरेको देखिन्छ । विद्यालय मा अपाङ्ग, छात्रा बालबालिका सिमान्तकृत तथा पिछडिएका विद्यार्थीहरुको शैक्षिक स्थिति सुधार्नका लागि र विद्यार्थीहरुमा पूनर्वल जगाउनका लागि वितरण गर्ने गरेता पनि कहिलेकाही उक्त रकमको दुरुपयोग पनि भएको पाइयो जस्तै कुनै कुनै विद्यार्थीको अभिभावकले छात्रवृत्तिबाट प्राप्त रकम घर खर्च गर्ने गरेको पाइयो तर जे जस्तो भए पनि छात्रवृत्ति वितरणले विद्यार्थी र उनीहरुका अभिभावकका साथै शिक्षकहरुलाई समेत राहत पुगेको देखिन्छ यस कुरालाई सरकारले मध्यनजर गरेर छात्रवृत्ति रकमलाई वृद्धि गर्नु पर्ने देखिन्छ । किनभने विद्यार्थीहरुको शैक्षिक स्थितिमा सुधार ल्याउन छात्रवृत्ति वितरणले सहयोग गरिरहेको पाइन्छ ।

### ४.५.२ सारांश

यो शोधपत्र पुरा गर्नका लागि उद्देश्यात्मक छनौट विधिद्वारा विद्यालय विद्यार्थी र अभिभावकहरुको छनौट गरिएको छ । तथ्याङ्क संकलन गर्नका लागि अवलोकन अन्तरवार्ता, छलफल, विद्यालयका तथ्याङ्क फारम र प्रश्नावलीहरुको प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्क अनुसार हाल सामुदायिक विद्यालयमा छात्रा, जहेन्दार, दलित, सिमान्तकृत, अपाङ्ग जस्ता विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्ने गरिएको पाइयो । छनौटमा परेका सबै विद्यालयमा अभिभावकको उपस्थितिमा छात्रवृत्ति रकम वितरण गर्ने गरिन्छ तर कहिलेकाही श्री बुद्ध आ .वि.ले कपडा वितरण गर्ने गरेको पाइयो । छात्रवृत्ति वितरण कार्यक्रमले गर्दा विद्यार्थीहरुको सिकाइ स्तरमा वृद्धि भएको पाइयो । सबै सरोकारवालाले छात्रवृत्ति प्रति सकारात्मक सोच राखे तर रकमको सहि सदुपयोग हुन सकेन भने यस कार्यक्रमबाट खासै लाभ लिन सकिदैन । अध्ययनका क्रममा प्रश्न सोध्दा सबैले वर्तमान समयमा ५ वर्ष अधिकै रकम वितरण गर्नु उपयुक्त नहुने बताए वर्तमान समयमा महँगिलाई मध्यनजर गरेर रकम र कोटामा वृद्धि गरिनु पर्ने अध्ययनबाट पत्ता लगाइयो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

आधारभूत तहमा छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धिमा पारेको प्रभाव भन्ने शीर्षकमा गरिएको अध्ययनमा ओखलढुगा जिल्लाको खिजिदेम्बा गा.पा. अन्तर्गत पर्ने खिजिदेम्बा अन्तरगत रहेको विद्यालयहरु मध्येबाट छनौटमा परेका ६ वटा विद्यालयमा गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्कहरु, प्रतिक्रिया र सुझावका आधारमा व्याख्या र विश्लेषण गरिएको छ । देशका सबै क्षेत्रको अवस्था, अभिभावकहरुको चेतना स्तर आर्थिक सामाजिक र सास्कृतिक अवस्था एउटै नहुने हुँदा ओखलढुगा जिल्लाको खिजिदेम्बा गा.पा. अन्तर्गत गरिएको आधारभूत तहमा छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभावकारीता सम्बन्धी निष्कर्ष सबै ठाउँमा एकै नहुने देखिन्छ । छात्रवृत्ति वितरणको मुख्य उद्देश्य भनेको विद्यालय जाने उमेरका बालबालिकाहरु सबैलाई विद्यालयमा भर्ना गर्ने सबैको लागि पहुँच योग्य बनाउने, विद्यालय प्रति सकारात्मक सोच बनाउने र विद्यार्थीलाई विद्यालय आउन सहज वातावरण बनाइ दिने हो । छात्रवृत्ति वितरण कार्यक्रमले विद्यालयमा विद्यार्थी भर्ना दर बढेको पाइयो । वर्तमान समयमा सरकारी विद्यालयको शैक्षिक स्तर बढेको कारणले गर्दा अभिभावकहरुले सरकारी विद्यालय प्रति विश्वास गर्ने गरेको पाइयो । विद्यालयहरुको शैक्षिक स्तर बढेकोले र विद्यार्थीको विद्यालय उपस्थिति बढेको कारणले गर्दा विद्यार्थीहरुको शैक्षिक स्तर पनि वृद्धि भएको पाइयो । दलित, छात्रा, अपाङ्ग र पिछडिएका वर्गका बालबालिकाहरुले पनि विद्यालयमा राम्रो प्रगति गरेको पाइएको छ । यो छात्रवृत्ति वितरण कार्यक्रमले समाजमा सकारात्मक सोचको विकास गराइदिएको छ । प्रत्येक अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउने गर्दछन् ताकि पछि शिक्षित भई देशका कर्णधार बन्न सकोस ।

समयको परिवर्तन सँगसँगै छात्रवृत्ति रकममा केही कमजोरी देखिएको छ । वर्तमान समय अत्यन्तै महंगीदै गएको छ । आजभन्दा ५ वर्ष पहिले एक ओटा कलमलाई जति पर्थ्यो अहिले त्यो कलम त्यतिनै मुल्यमा पाइदैन भने ५वर्ष पहिले वितरण गर्ने गरेको छात्रवृत्ति रकम अहिले पनि त्यत्तिनै रकम वितरण गर्दा त्यति उपयुक्त हुँदैन त्यसैले छात्रवृत्ति रकमलाई वृद्धि गरिनु पर्ने अत्यन्तै आवश्यक देखिन्छ ।

छात्रवृत्ति रकम अभभावकहरुको उपस्थितिमा विद्यार्थीहरुलाई वितरण गर्ने कार्यक्रम एकदमै राम्रो रहेको छ । अभिभावकहरु आफ्ना छोरा छोरीले रकम पाउँदा र उनिहरुको शैक्षिक स्तरमा सुधार आएको देखेर शिक्षा प्रति अत्यन्तै सकारात्मक सोच राख्ने गरेको पाइन्छ । तर उक्त रकममा वृद्धि गर्नु पर्ने समयमानै वितरण गर्नु पर्ने छात्रवृत्तिको कोटामा वृद्धि गर्नु पर्ने आवश्यक देखिन्छ । यसो गरेमा विद्यार्थीहरुलाई अझ राहत मिल्नेछ साथै उनीहरुको शैक्षिक स्तरमा पनि थप सहयोग मिल्नेछ ।

### ५.२ सुझाव

छात्रवृत्ति कार्यक्रमको प्रभावकारिता सम्बन्धी यस अनुसन्धानका क्रममा प्राप्त गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरु, अन्तर्वार्ता, भराइएका प्रश्नावली आदिबाट प्राप्त प्रतिक्रियाका आधारमा प्राप्त भएको प्राप्ति र निष्कर्षका आधारमा समेत केही महत्वपूर्ण सुझावहरुलाई निम्नानुसार प्रस्तुत गर्न उचित देखिन्छ ।

#### ५.२.१ नीतिगत तह

छात्रवृत्ति वितरण गर्ने निश्चित समय किटान गरी सके देशैभरी नभए जिल्लागत रुपमा एकैदिन छात्रवृत्ति वितरण गर्ने व्यवस्था गरिनु पर्दछ । उक्त कार्य शैक्षिक सत्रको सुरुमै तोकिनु पर्ने हुन्छ । हालको महंगीमा वितरण गरिदै आएको छात्रवृत्तिको रकम बढाउँदै लैजानु पर्ने छ । छात्रवृत्तिले सकारात्मक सम्वलनको कार्य गर्ने हुँदा तल्लो कक्षामा छात्रवृत्तिको व्यवस्था गरिनु पर्दछ । विद्यालयमा रहेको विद्यार्थी संख्यालाई मात्र आधार नमानी जिल्लाको भौगोलिक र सामाजिक अवस्थालाई पनि मध्यनजर गरेर छात्रवृत्ति रकम तय गर्नु पर्दछ । नीति निर्माण गर्दा कसैलाई पनि नछुट्याउने गरी नीति तय गर्नु पर्दछ ताकी जुनसुकै वाल वालिकाहरु पनि विद्यालय जानुबाट बन्चित हुन नपरोस् । छात्रवृत्ति रकम प्राप्त गर्ने विद्यार्थीहरुको शैक्षिक स्तरमा वृद्धि, सरसफाइमा वृद्धि र नियमिततामा वृद्धि भएको देखिन्छ यदि विद्यालयमा उपस्थित सबै विद्यार्थीहरुलाई कुनै न कुनै प्रकारको छात्रवृत्ति प्रदान गर्न सकियो भने सबै विद्यार्थीहरुको शैक्षिक, सरसफाइ तथा निरन्तर उपस्थितिमा वृद्धि हुने देखिन्छ ।

#### ५.२.२ अभ्यास तह

छात्रवृत्ति वितरण कार्यक्रमबाट अझ धेरै लाभलिनका लागि अभ्यास तह अथवा कार्यान्वयन तहलाई पनि सुझाव दिन आवश्यक देखिन्छ ।

छात्रवृत्ति रकमले विद्यार्थीहरुको शैक्षिक स्तरमा सुधार आएको देखिए तापनि अझै धेरै बालबालिकाहरु विद्यालयसम्म आउन सकि रहेका छैनन् । त्यस्ता बालबालिकाहरुलाई विद्यालयमा उपस्थिति गराउनका लागि छात्रवृत्ति सम्वन्धित प्रचारप्रसार र शिक्षा साथै अभिभावकहरुसँग प्रत्यक्ष भेटघाट गरेर शिक्षा प्रतिको सकारात्मक धारणा जगाउन मद्दत गर्ने । अभिभावकहरुलाई अनिवार्य रुपमा उपस्थित गराइ छात्रवृत्ति रकम रद्ध गरी नियमित विद्यालय आउने र जेहेन्दार विद्यार्थीलाई रकम प्रदान गर्ने । छात्रवृत्ति रकमको सहि सदुपयोग भएको छ कि छैन कार्यान्वयन तहले मुल्याङ्कन गर्ने गर्नु पर्दछ । कतिपय छात्रवृत्ति रकमको दुरुपयोग पनि भएको पाइयो । त्यस्तो अवस्थामा दुरुपयोगलाई न्यूनिकरण गर्ने कार्य कार्यान्वयन तहले गर्नु पर्दछ । जस्तै रकम प्राप्त गर्ने कार्य कार्यान्वयन तहले गर्नु पर्दछ । जस्तै रकम प्राप्त गरिसके पछि बालबालिकाले उक्त रकम आफ्ना अभिभावकहरुलाई दिने गर्दछन् र उक्त रकम अभिभावकहरुले आफ्नो घर खर्चमा खर्चिने गर्दछन् त्यस्तै कुनै कुनै बालबालिकाहरुले प्राप्त रकम अनावश्यक कुरामा खर्च गर्ने गरेको पाइयो यस्तो दुरुपयोगहरुलाई कसरी न्यूनिकरण गर्न सकिन्छ अभ्यास तहले ध्यान दिन आवश्यक छ । छात्रवृत्ति रकमले गर्दा बालबालिकाहरु आफ्ना आर्थिक समस्या केहि मात्रामा भए पनि समाधान गर्न सक्छन् र विद्यार्थीहरु नियमित विद्यालयमा उपस्थित भई उनिहरु आफ्नो पढाइप्रति चासो राख्दछन् साथै पढाइमा पनि राम्रो प्रगति गरेको देखिन्छ । छा.वृ. प्राप्त गर्ने विद्यार्थीहरु अनुशासित र

सफासुघर पनि हुन्छन् यसबाट के थाहा पाइन्छ भने छा.वृ. रकमले बालबालिकाहरुको शैक्षिक क्षेत्रमा मात्र सुधार नगरी बानि व्यवहारमा पनि सुधार ल्याउछ तर उक्त प्रदान गरिने रकम वर्तमान समयमा पर्याप्त नभएकोले अभ्यास तहमा रहेका व्यक्तिहरुले रकम वृद्धि गर्नुपर्छ भन्ने पहल गर्न अत्यन्तै आवश्यक देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

यो शोधपत्रबाट छात्रवृतिले विद्यार्थीको सिकाइ स्तरमा कसरी प्रभाव पार्दछ भन्ने कुरा उल्लेख गरिएको छ । यो शोत्रपत्र छात्रवृति सम्बन्धि जान्न बुझ्न चाहने संस्था, व्यक्तिले अध्ययन गर्न सक्छन । कुनै व्यक्तिले छात्रवृति सम्बन्धी शोधपत्र तयार गर्न चाहेमा यो शोधपत्र थप सहयोगी बन्ने छ ।

अध्ययनकर्ताले यहि विषयलाई लिएर पनि शोधपत्र तयार गर्न सक्छन् मैले तयार गरेको शोधपत्रमा अझ थप कुराहरुलाई समेटेर यो शोधपत्रलाई स्तरिय बनाउन सक्नेछन् । मैले खिजिदेम्बा गा.पा. अन्तर्गत पर्ने ६ वटा सामुदायिक विद्यालयलाई मात्र समेटेको छु तर खिजिदेम्बा गा पा मा पर्ने सबै सा.वि. लाई समेटेर अध्ययन गर्न सके अझ राम्रो हुनेछ । मैले यो शोधपत्र एम.एड. दोस्रो वर्षमा शोधपत्र तयार गर्नु पर्ने भएकोले थोरै लगानिमा शोधपत्र तयारगरेको हुँदा कतिपय तथ्याङ्कहरु समेट्न सकेको छुइन तर यस विषयमै कसैले शोधपत्र तयार गर्न चाहेमा अझ धेरै लगानीमा छुटेका तथ्याङ्कहरुलाई समेटेर शोधपत्र तयार गर्न सके धेरै राम्रो हुनेछ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, विष्णुप्रसाद (२०७०), *निम्न माध्यमिक शिक्षक दिग्दर्शन,* काठमाडौ : आशिष बुक्स हाउस प्रा.लि. ।

खनाल पेशल(२०७३), शैक्षिक अनुषन्धान पद्धति, सनलाइट पव्लिकेशन ।

गजुरेल, पवित्रा (२०६८), *दलित छात्रवृत्ति वितरणले विद्यार्थी नियमिततामा पारेको प्रभाव,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

जबरा, स्वयंप्रकाश (२०६८), *बालविकास र सिकाइ,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

थापा, ताराबहादुर (२०७३), *शिक्षा मनोविज्ञान,* काठमाडौँ : जुपिटर प्रिन्टिङ्ग एण्ड पब्लिसिङ्ग हाउस प्रा.लि. ।

पोखरेल, युवराज (२०६७), *आधारभुत तहको छात्रावृत्तिले विद्यार्थी भर्नादरमा पारेको प्रभाव,* शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (अप्रकाशित शोधपत्र) सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

बस्नेत, खगेन्द्र (२०६०), *शैक्षिक ज्योती,* वर्ष १, अङ्क १ ।

लम्साल, हरिप्रसाद (२०६९), *विद्यामान छात्रवृत्तिको प्रावधान र सुविधा विहिन समुदायको पहुँच,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

शर्मा एण्ड शर्मा (२०६१), *शैक्षणिक मनोविज्ञान,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार ।

शिवाकोटी, रविन्द्र (२०७२), *शैक्षिक मनोविज्ञान,* काठमाडौ : सनलाइट पब्लिकेशन ।

शिक्षा मन्त्रालय (२०६६), *शिक्षा नियमावली (२०५९)* सातौ संशोधन, काठामाडौ : लेखक ।

## अनुसूची : एक

## छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव

## छनौटमा परेका विद्यालय, प्र.अ., स्रोतव्यक्ति, शिक्षक, अभिभावक र विद्यार्थी विवरण

| क्र.स. | विद्यालयको नाम र ठेगाना | वि.व्य.स. अध्यक्ष | प्र.अ. | शिक्षक | अभिभावक | विद्यार्थी |
|---|---|---|---|---|---|---|
| १ | श्री नर्मदेश्वर माध्यमिक विद्यालय खिजीदेम्बा | निर्मल कुमार श्रेष्ठ | खेमराज धमला | दिलिप श्रेष्ठ | शोभा श्रेष्ठ | .मन्जु श्रेष्ठ |
| २ | श्री फुलमति मा.वि., खिजीदेम्बा | गणेश ब सुनुवार | रुद्रशंकर घिमिरे | राम गौतम | रुद्रशंकर घिमिरे | स्वेता सुनुवार |
| ३ | श्री शिवालय मा.वि. खिजीदेम्बा | लाक्पा जि शेर्पा | मोहन धमला | देविचरण नेपाल | जाङवु शेर्पा | पसि शेर्पा |
| ४ | श्री चुलि आधारभूत विद्यालय खिजीदेम्बा | खेम नारायण श्रेष्ठ | बेद ब महतारा | .अनिल सुनुवार | अमृतनारायण श्रेष्ठ | सोफिया श्रेष्ठ |
| ५ | श्री कुण्डलि मा.वि. खिजीदेम्बा | ख्यामराज सुनुवार. | नर ब खत्रि | बिर ब तामाङ | तेज ब खड्का | सुमित्रा खड्का |
| ६ | श्री बुद्ध आधारभुत खिजीदेम्बा | तेन्जी शेर्पा | एक ब तामाङ | कर्शलि शेर्पा | ङिमा शेर्पा | फुरी शेर्पा |

**अनुसूची**

**दुई**

**छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव**

**विद्यालय अवलोकन फारम २०७७**

**१. विद्यालयको नाम र ठेगाना : नर्मदेश्वर मा. वि. खिजिदेम्बा**

**२. विद्यालयको विद्यार्थी विवरण :**

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | १६ | १० | २६ |
| २ | १४ | १४ | २८ |
| ३ | २१ | १६ | ३७ |
| ४ | १४ | ११ | २५ |
| ५ | १७ | १३ | ३० |
| ६ | १८ | १४ | ३२ |
| ७ | २६ | ११ | ३७ |
| ८ | २२ | १३ | ३५ |
| जम्मा | १४८ | १०२ | २५० |

३. विद्यालयमा प्राप्त हुने छात्रवृत्ति :

क) दलित ख) छात्राग) अपाङ्ग

घ) सिमान्तकृत ङ) अन्य

४. छात्रवृत्ति विवरणको किसिम :

क) नगद ख) जिन्सी ग) नगद र जिन्सी

५. छात्रवृत्ति वितरणको समय :

क) शै. स. को सुरुमा ख) शै.स. को मध्यमा

ग) शै.स.को अन्त्यमा

६. छात्रवृत्ति रकमको उपयोगमा अभिभावकको मत

क) पठन पाठनमा ख) घर खर्चमा

ग) फजुल खर्चमा घ) ऋण तिर्नमा

७. कक्षोतीर्ण विवरण, २०७७

| कक्षा | परीक्षामा सम्मिलित स. | छात्रवृत्ति पाउने उर्तिण | छात्रवृत्ति नपाउने उर्तिण |
|---|---|---|---|
| १ | २६ | १२ | १४ |
| २ | २८ | १८ | १० |
| ३ | ३७ | १९ | १८ |
| ४ | २५ | १४ | ११ |
| ५ | ३० | १९ | ११ |
| ६ | ३२ | २४ | ८ |
| ७ | ३७ | १९ | १८ |
| ८ | ३५ | १६ | १९ |
| जम्मा | २५० | १४१ | १०९ |

## अनुसूची

## तीन

## छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव

## प्रधानाध्यापकका लागि तयार गरिएको प्रश्नावली

प्र.अ. को नाम : खेम धमला

विद्यालयको नाम : नर्मदेश्वर मा वि खिजिदेम्बा

१. छात्रवृत्तिरकमको वितरण कसरी गर्नु हुन्छ ?

क) व्या. समितिको उपस्थितिमा  ख) शिक्षकको सिफारिसमा

ग) आफैले  घ) शिक्षकद्वारा

२. छात्रवृत्ति रकमको उपयोग के कसरी भइरहेको छ ?

क) विद्यालय पोशाक खरिदमा  ख) स्टेशनरीमा

ग) फजुल खर्च  घ) ऋण तिर्नमा

३. छात्रवृत्तिले गर्दा विद्यालयमा विद्यार्थीको नियमिततामा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक  ख) नकारात्मक

४. तपाईको विद्यालयमा के कस्ता प्रकारका छावृत्ति वितरण गर्ने गरेको छ ?

क) दलित  ख) छात्राग) अपाङ्ग  घ) माथिका सबै

५. छात्रवृत्ति कार्यक्रमका के कस्ता समस्याहरु रहेको पाउनु भएको छ ?

........................................................................

६. छात्रवृत्ति कार्यक्रमका सकारात्मक र नकारात्मक पक्षहरु के–के रहेका छन् ?

......................................................................

७. छावृत्ति प्राप्त गर्ने र नगर्ने विद्यार्थीहरुमा के कस्ता सामाजिकीकरणका गुणहरु रहेको पाउनु भएको छ ?

......................................................................

८. तपाईले वितरण गर्दै आउनु भएको छात्रवृत्ति रकम पऱ्याप्त छ ?

क) छ  ख) छैन  ग) ठीकै घ) बढाउनु पर्छ

**अनुसूची**

**चार**

**छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव**

**गाउँपालिका शिक्षा शाखा प्रमुखका लागि प्रश्नावली**

शिषा शाखा प्रमुखको नाम : निर कुमार बस्नेत

विद्यालयको नाम :

१. तपाईको सेवा क्षेत्रमा छात्रवृत्तिवितरण सम्बन्धी कस्तो व्यवस्था छ ?

क) कार्यक्रम आयोजना गरी ख) अभिभावक दिवसमा

ग) विद्यालयले आफ्नै किसिमले घ) स्रोतकेन्द्र भरि एकै दिन

२. छात्रवृत्ति कार्यक्रमले बालबालिकाको शैक्षिक उपलब्धी र नियमिततामा कस्तो प्रभाव पारेको छ ?

क) सकारात्मक ख) नकारात्मक

३. छात्रवृत्ति रकमको उपयोगिता कस्तो रहेको छ ?

क) पठन पाठनमा ख) घर खर्चमा ग) फुर्मासिमा घ) ऋण तिर्नमा

४. छात्रवृत्ति निर्देशिका अनुसार छात्रववृत्ति प्राप्त भएको छ या छैन् ?

क) भएको छ ख) भएको छैन

ग) निर्देशिका बारे जानकारी छैन घ) सधै एकनाश हुँदैन

५. छात्रवृत्ति कार्यक्रमका सबल र दुर्वल पक्षहरु के कस्ता रहेका छन् ?

..........................................................................

६. आफ्नो स्रोतकेन्द्रका विद्यालय उमेर समुहका सबै बालबालिका विद्यालय नआउनुका मुख्य कारण के के हुन सक्छन् ?

क) गरिबी ख) धार्मिक परम्परा ग) कुनै सुविधा प्राप्त नहुनु

घ) अन्य ...........

७. विद्यालयहरुले छात्रवृत्ति वितरण गर्दा तपाइको उपस्थिति र निर्देशन लिने गरिएको छ ? छैन भने के पहलमा गर्ने गरेको छन् ?

..........................................................................

८. जि.शि.का.बाट छात्रवृत्ति कोटाको रकम कसरी निकाशा हुने गरेको छ ?

क) प्रति कोटा ख) एकमुष्ट ग) प्रति विद्यालय घ) विद्यार्थीको नाम तोकेर

९. छात्रवृत्ति वितरणले विद्यार्थीको उपस्थिति कस्तो रहेको छ ?

क) उपस्थिति नियमित छ ख) छात्रवृत्ति पाउने समय सम्म उपस्थित हुन्छन्

ग) उपस्थिति देखिदैन　　　　　घ) प्रभाव शून्य छ

१०. के कस्ता प्रकारका छात्रवृत्तिहरु तपाईको स्रोतकेन्द्रमा उपलब्ध गराउने गरेको छ ?

.........................................................................

११. छात्रवृत्ति वितरणमा देखिएका मुख्य/मुख्य समस्याहरु के के हुन सक्छन् ?

.........................................................................

## अनुसूची

## पाँच

## छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव

## शिक्षकसँग गरिएको प्रश्नावली

शिक्षकको नाम : रुद्र शकंर घिमिरे

विद्यालयको नाम : फुलमति मा वि

त्रि.वि शिक्षाशास्त्र संकाय पाठ्यक्रम विभाग अर्न्तगत स्नातकोत्तर तहको (भम। छढड) द्वितिय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्रा छात्रवृत्तिको प्रभावकारिता शिर्षकमा शोधपत्र तयार गर्नु पर्ने भएकाले तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि तल सोधिएको प्रश्नहरुको उत्तर दिइ सहयोग गरिदिनु हुन अनुरोध छ ।

१. यस विद्यालयका सेवा क्षेत्र भित्रका विद्यालय उमेर समुहका सबै बालबालिका विद्यालय भर्ना भएका छन् ?

..........................................................................................................

२. भर्ना नभएका भए के कारण हुन सक्छ ?

..........................................................................................................

३. छात्रवृत्तिवितरण गरिने समय बारे तपाइको प्रतिक्रिया कस्तो छ ?

..........................................................................................................

४. छात्रवृत्तिको प्रभाव कस्तो रहेको पाउनु भएको छ ?

..........................................................................................................

५. छात्रवृत्ति वितरणलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ?

..........................................................................................................

६. छात्रवृत्ति वितरण कार्यक्रमको सबल र दुर्बल पक्षहरु के के हुन सक्छन् ?

..........................................................................................................

७. छात्रवृत्ति वितरण गर्दा नगद वा जिन्सी कुन वितरण गर्नु राम्रो हुन्छ ? किन ?

..........................................................................................................

८. विद्यालयलाई प्राप्त छात्रवृत्तिकोटा कस्तो छ ?

..........................................................................................................

९. छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु के के होलान् ?

..........................................................................................................

१०. छात्रवृत्ति कार्यक्रम प्रति तपाईको धारणा के छ ?

..........................................................................................................

११. छात्रवृत्ति रकम कस्लाई दिनु उपयुक्त होला ?

..........................................................................................................

१२. छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको व्यवहारमा के कस्ता परिवर्तन आएको पाउनु भएको छ ?

..........................................................................................................

## अनुसूची

## छ

## छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव

## विद्यार्थीसँगको लागि प्रश्नावली

विद्यार्थीको नाम :मन्जु श्रेष्ठ

विद्यालयको नाम : नर्मदेश्वर मा वि खिजिदेम्बा

१. तिमिले आजसम्म कुनै छात्रवृत्ति पाएका छौ कि छैनौ ?

क) पाएको छ ख) पाएको छैन

२. छात्रवृत्ति पाएको छौ भने कस्तो प्रकारको पाएको छौ ?

क) छात्रा छात्रवृत्ति ख) दलित छात्रवृत्ति

ग) जेहेन्दार/गरिव छात्रवृत्ति घ) अपाङ्ग छात्रवृत्ति

३. छात्रवृत्ति रकम कस्ले लिने गरेको छ ?

क) आफैले ख) शिक्षकले ग) आमावुवाले घ) अन्य .........

४. छात्रवृत्ति रकम के काममा खर्च गर्ने गरेको छ ?

क) पोसाक किन्नमा ख) कपि कलम किन्नमा

ग) घरखर्च गर्नमा घ) ऋण तिर्नमा

५. तिमिले छात्रवृत्ति किन पाएका छौ ?

क) कक्षामा प्रथम भएर ख) छात्रा भएर ग) दलित भएर घ) थाहा छैन

६. तिमीले प्राप्त गरेको छात्रवृत्ति पर्याप्त छ ? छैन भने कति भए हुन्थ्यो जस्तो लाग्छ ?

क) छैन, महंगी अनुसार दिनु पर्थ्यो

ख) छैन, कलम कापी, झोला र पोशाक किन्न पुग्ने हुनु पर्थ्यो

ग) छैन, ट्यूसन पढ्न पुग्ने गरि हुनु पर्थ्यो

घ) छैन, वर्ष दिन भरि खाजा खान पुग्ने गरिदिनु पर्थ्यो

७. छात्रवृत्ति रकम कुन समयमा वितरण गर्नु उपयुक्त हुन्छ ?

क) शै.स.को सुरुमा ख) शै.स.को मध्यमा

ग) शै.स.को अन्त्यमा घ) जुनसुकै वेला

८. छात्रवृत्ति रकम कसलाई दिनु राम्रो हो ?

क) विद्यार्थीलाई　　　　ख) आमाबाबुलाई

ग) शिक्षकलाई　　　　घ) अन्यलाई ...........

९. छात्रवृत्तिमा नगद वा जिन्सी के दिनु राम्रो लाग्छ र किन ?

...........................................................................................

१०. छात्रवृत्ति प्राप्त गर्दा तिमीलाई कस्तो लाग्छ ?

...........................................................................................

११. छात्रवृत्तिको रकमले गर्दा तिमीलाई पढाइमा सहयोग गर्छ ?

...........................................................................................

१२. तिमीलाई पढ्ने प्रेरणा कसले दिन्छ ?

...........................................................................................

१३. के तिमी विद्यालयमा नियमित छौ ? छैनौ भने किन ?

## अनुसूची
## सात
## छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव
## अभिभावकका लागि प्रश्नावली

अभिभावकको नाम :शोभा श्रेष्ठ

विद्यालयको नाम : नर्मदेश्वर मा वि खिजिदेम्बा

त्रि.वि शिक्षाशास्त्र संकाय पाठ्यक्रम विभाग अर्न्तगत स्नातकोत्तर तहको (भम। छढड) द्वितिय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्रा छात्रवृत्तिको प्रभावकारिता शिर्षकमा शोधपत्र तयार गर्नु पर्ने भएकाले तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि प्रश्नावलीमा सोधिएका प्रश्नहरुको उत्तर दिइ सहयोग गरिदिनु हुन अनुरोध छ ।

१. तपाइको घरमा विद्यालय जाने उमेरका बालबालिका कति छन् ?

……………………………………………………………………………………………

२. तपाईका छोरा छोरीले छात्रवृत्ति पाएका छन् ? छन् भने कुन छात्रवृत्ति कति रकमको पाएका छन् ?

……………………………………………………………………………………………

३. तपाईका छोरा छोरीले पाएको छात्रवृत्तिको रकम के मा खर्च गर्नु हुन्छ ?

क) उनीहरुको पठन पाठनमा ख) घर खर्चमा

ग) फजुल खर्चमा घ) ऋण तिर्नमा

४. छात्रवृत्ति वितरण गरिने उपयुक्त समय कुन होला ?

क) शै.स.को सुरुमा ख) शै.स.को मध्यमा

ग)शै.स.को अन्त्यमा घ)जुनसुकै वखत

५. छात्रवृत्ति रकम कस्लाई दिनु उपयुक्त होला ?

क) वालवालिकालाई ख) आमाबाबुलाई

ग) शिक्षकलाई घ) अन्य कसैलाई ………

६. तपाइको छोरा छोरीलाई नियमित रुपमा विद्यालय पढाउनु हुन्छ ? नपढाउने गर्नु भएको भए के कारणले नपढाउनु भएको हो ?

……………………………………………………………………………………………

७. छात्रवृत्ति वितरण गर्दा नगद वा जिन्सी कुन उपयुक्त ठान्नु हुन्छ ? र किन ?

……………………………………………………………………………………………

८. तपाइको आम्दानीको स्रोतले छोरा/छोरीलाई पढाइ लेखाई गर्न लाग्ने खर्च धान्न सक्छ ?

……………………………………………………………………………………………

९. तपाईका नानीहरुलाई घरमा पढ्ने समय दिनु भएको छ ? यदि छ भने दिनको कति घण्टा पढ्छन् ?

……………………………………………………………………………………………

१०. छोरा /छोरीले प्राप्त गर्ने छात्रवृत्ति रकम पर्याप्त छ ?

क) छ ख) छैन ग) ठीकै छ घ) थप गर्नु पर्छ

## अनुसूची

## आठ

## छात्रवृत्तिले विद्यार्थी सिकाइ उपलब्धीमा पारेको प्रभाव

## वि.व्य.स.अध्यक्षका लागि प्रश्नावली

अध्यक्षको नाम :निर्मल कुमार श्रेष्ठ

विद्यालयको नाम : नर्मदेश्वर मा वि खिजिदेम्बा

त्रि.वि शिक्षाशास्त्र संकाय पाठ्यक्रम विभाग अर्न्तगत स्नातकोत्तर तहको (भम। छढड) द्वितिय वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि छात्रा छात्रवृत्तिको प्रभावकारिता शिर्षकमा शोधपत्र तयार गर्नु पर्ने भएकाले तथ्याङ्क संकलन गर्ने प्रयोजनका लागि तल सोधिएको प्रश्नहरुको उत्तर दिइ सहयोग गरिदिनु हुन अनुरोध छ ।

१. छात्रवृत्ति वितरणको निर्णय कसरी गर्नु हुन्छ ?

क) वि.व्य.स. को बैठकबाट ख) स्टाफ बैठकबाट

ग) वर्ग शिक्षकबाट घ) प्र.अ.बाट

२. कस्ता विद्यार्थीलाई छात्रवृत्ति दिनु हुन्छ ?

क) गरिब ख) जेहेन्दार ग) गरिव तथा जेहेन्दार घ) तोकिए अनुसार

३. छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका हेर्नु भएको छ ?

क) छ ख) छैन

४. छात्रवृत्ति वितरणको उपयुक्त समय कुन हुन सक्छ ?

क) शै.स.को सुरुमा ख) शै.स.को मध्यमा

ग) शै.स.को अन्त्यमा घ) जुनसुकै वखत

५. छात्रवृत्ति रकम के कसरी वितरण गर्दै आउनु भएको छ ?

क) नगद ख) जिन्सी

ग) अभिवावकको चाहाना अनुसार घ) प्र.अ.को स्वविवेकमा

६. छात्रवृत्ति रकम कस्लाई बुझाउनु हुन्छ ?

क) विद्यार्थी ख) आमा ग) बुबा घ) परिवारको जुनसुकै सदस्य

७. छात्रवृत्ति वितरण गर्दा के (नगद, जिन्सी) वितरण गर्नु उपयुक्त हुन्छ ?

क) नगद ख) जिन्सी

८. छात्रवृत्ति रकमको उपयोग कसरी हुने गरेको छ ?

...............................................................................................

**९. विद्यालयमा के कस्ता प्रकारका छात्रवृत्तिहरु वितरण हुँदै आएको छ ?**

..........................................................................................................

**१०. तपाइको विचारमा छात्रवृत्ति कार्यक्रमले विद्यार्थीको नियमितता सिकाई उपलब्धी, भर्नादर र कक्षा छाड्ने दरमा प्रभाव पार्छ होला ?**

..........................................................................................................

**११. छात्रवृत्ति कार्यक्रममा सुधारका केही पक्ष भए स्पष्ट पारिदिनुहोस् न ।**

..........................................................................................................

**१२. के वितरण गरिएको छात्रवृत्ति पर्याप्त छ ?**

..........................................................................................................